‘मजदुर’ दैनिक पत्रिका
नियमित पढ्ने गरौँ ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर
The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

‘मजदुर’
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : २०६ ★ ने. सं. ११४६ गुँला थ्व, नाग पञ्चमी ★ सोमबार ★ १ भदौ, २०८३ ★ August 17, 2026, Monday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## लोभ र डरमा देशविरोधी काममा संलग्न हुन नहुने शिक्षा दिनु आवश्यक



भक्तपुर, ३१ साउन । बासु माध्यमिक विद्यालयले विद्यालयको प्रगतिबारे जानकारी दिने उद्देश्यले आइतबार स्थानीय अभिभावक, समाजसेवी, बुद्धिजीवी, शिक्षाप्रेमी र शिक्षकहरूबिच भेटघाट कार्यक्रम गऱ्यो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले नेमकिपाका अग्रजहरूले भक्तपुरमा विद्यालय र कलेज स्थापना र सञ्चालनमा उल्लेखनीय योगदान गर्नुभएको र ख्वप कलेजहरू यही योगदानको उपलब्धि भएको बताउनुभयो ।

सचिव सुवालले विद्यालय र कलेजहरूले नयाँ पुस्तालाई देश र जनताको नि:स्वार्थ सेवा गर्ने, मद्यपान, धूमपान, लागूपदार्थ, जुवातासबाट टाढा रहने, लोभ र डरमा देशविरोधी काममा संलग्न हुन नहुने शिक्षा दिनु आवश्यक भएको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, “गत भदौ २३ र २४ गतेको उपद्रवबारे पूर्वानुमान गर्न नसकेका तत्कालीन सरकारको नेतृत्वमा रहेकाहरू असफल छन् । देशभर आगजनी हुनुमा तिनीहरू पनि जिम्मेवार छन् ।”

वाग्मती प्रदेश सांसद सुरेन्द्रराज गोसाईले कुनै पनि सङ्घ संस्था विकास गर्न त्यसका सञ्चालक परिवारहरू लगनशील भई लाग्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले विद्यालयको प्रगति हुने नहुने कुरा शिक्षक-शिक्षिकाहरूको क्रियाशीलतामा भरपर्ने बताउनुभयो ।

“विद्यालयप्रति समर्पित भएर लागेको विद्यालय प्रगति हुनेमा कुनै शङ्का छैन । सम्पूर्ण शिक्षक शिक्षिकाहरूको आ-आफ्नै जिम्मेवारी हुन्छ । ती जिम्मेवारी इमानदारीपूर्वक पूरा गर्ने हो भने विद्यालय प्रगति हुन धेरै समय लाग्दैन”, उहाँले भन्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बालमुकुन्द बासुकलाले विद्यालयलाई विकास र प्रगतिको निम्ति शिक्षक शिक्षिकाहरूले थप मेहनत गर्नुपर्ने बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिप्रसाद बासुकलाको सभापतित्वमा भएको कार्यक्रममा विद्यालयका प्रअ रविलाल प्रधानले विद्यालयको स्थितिबारे चर्चा गर्दै विद्यालय प्रगतिको लागि तल्लीन भएर लाग्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

विद्यालयको प्रगति विवरण प्रस्तुति प्लस टु इन्चार्ज पुनेन्द्रप्रसाद कुसीले गर्नुभएको सो कार्यक्रममा मावि इन्चार्ज रामकुमार निरौला, सहायक प्र.अ राजकुमार ह्यौंमिखा, निमावि इन्चार्ज रामहरि ताम्राकार र शिक्षक विष्णुप्रसाद दुमरुले पनि बोल्नुभएको थियो ।

## नयाँ पुस्तामा सामाजिक उत्तरदायित्वबोध गराउन प्रेरित गर्नुपर्नेमा जोड



भक्तपुर, ३१ साउन । भक्तपुरको मौलिक जात्रा सापारु (गाईजात्रा) को इतिहास, संस्कृति र पर्यटन प्रवर्द्धनको विषयमा युवा सर्जकहरूबिच आइतबार कार्यशाला गोष्ठी सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर परम्परागत कला र संस्कृतिमा धनी भएको चर्चा गर्दै मौलिक कला र संस्कृतिबारे यथार्थ विवरण सामाजिक सञ्जाल र लेख रचनामार्फत सही ढङ्गबाट प्रचारप्रसार गर्न युवाहरूलाई अनुरोध गर्नुभयो ।

उहाँले युवा पुस्तामा नकारात्मक दृष्टिकोणको विकास हुँदा सामाजिक, राजनैतिक विकृतिहरू फैलिरहेकोमा सचेत हुन आग्रह गर्दै इतिहास संस्कृतिको गहिरो अध्ययन गरी नयाँ पुस्तामा सामाजिक उत्तरदायित्वबोध गराउन प्रेरित गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यशालामा इतिहासविद् प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठले गुन्हीपुन्ही सापारुबारे ऐतिहासिक किंवदन्ती र दस्तावेजहरूको जानकारी दिनुभयो । नेवा: सभ्यताको उत्कृष्ट नमुना सापारु भएको उल्लेख गर्दै सापारुमा समयानुकूल परिवर्तन आइरहेको बताउनुभयो । उहाँले सापारुको विकृतिबाट जोगिन नयाँ पुस्ताबिच रचनात्मक सन्देश प्रवाह गर्न अनुरोध गर्नुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले गुन्हीपुन्ही सापारुको अवधिमा नगरभरि हुने सांस्कृतिक गतिविधिहरूबारे जानकारी दिनुभयो । उहाँले यस अवधिमा भक्तपुरमा परम्परादेखि चल्दै आएको साँदिश गीत, सिलु गीत, सितलामाजु गीतबारे थप अध्ययन अनुसन्धान गर्नुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर पर्यटन विकास समितिका पूर्वअध्यक्ष रामसुन्दर भेलेले सापारुमा मृतक परिवारको रुवाइबाट ताहामचा र घिन्ताङघिसी नाच सुरु हुने भएकोले रमाइलोसँगै मानवीय संवेदनशीलताबारे सचेत बन्नुपर्नेमा जोड दिनुभयो । उहाँले सांस्कृतिक पर्व जात्राको विषयमा सूचना प्रवाह गर्दा आधिकारिकता खोज्नुपर्ने बताउनुभयो ।

भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष दिपेशराज शर्माले सांस्कृतिक पर्व, जात्रालाई धर्मको रूपमा भन्दा सभ्यताको प्रतीकको रूपमा हेर्नुपर्ने बताउनुभयो । उहाँले सापारुको समयमा आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनका लागि सही सूचना प्रवाह गर्न र संस्कार र संस्कृतिको वैज्ञानिक अर्थसहितको मौलिक कथा बताउन आग्रह गर्नुभयो ।

***बाँकी पृष्ठ ८ मा***

## नगर बसाइँसराइ परिणाम -२

सुरुसुरुमा जर्मन प्रोजेक्टमा काम गर्ने नेपाली नगर नियोजक वा मेनेजरहरू आफै प्राविधिक भए पनि जर्मनहरू आफ्नो काम टुङ्ग्याएर गइसकेपछि ती नगर नियोजक वा प्राविधिकहरूसँगको कुराकानीमा तलका त्रुटिहरू जनताले औँल्याए -

भक्तपुर नगरका ढल ‘साँढे’ खस्ने ढलहरू थिए र आज पनि कति ठाउँमा छ । दत्तात्रयबाट उत्तरको मन्दिर जाने बाटोमै छ । त्यस्तै, गोल्मढीको राम झोपडी पछाडिको ढलमा पनि साँढे खसेको थियो । अझै विभिन्न टोलमा त्यस्ता ढलहरू छन् ।

जर्मन प्रोजेक्टले ठाउँ-ठाउँमा ठुलठुला ढलमा स-साना ढलहरू बनाउँदा पानीको बहाव रोकिएर चोकचोकमा पानी जम्ने र चर्पीहरू भरिएको व्यापक गुनासो सुनिएको थियो । बजारकै पुरानै ढलहरू खोल्न आवश्यक अनुभव गरी ढल खोलेर हेर्दा ढलको माथिल्लो भागमा दुई/तीन औँला मात्रै खाली भएको र दुई तीन हात नै बालुवा, इँटा स-साना टुक्रा र कसिङ्गरले भरिएको थियो । ती कसिङ्गर मात्रै सफा गर्दा पनि पुरानै ढलसमेत राम्रै चलेको देखियो ।

जर्मन प्रोजेक्टले केही टोलमा नयाँ पाइप राख्दा र नयाँ ठाउँमा पनि पाइपहरू ओछ्याउँदा बिचबिचमा तीन बाटो र चौबाटोका ढलहरू जोडिने बेला जोडिएका ढलहरूमा ठुलो पाइप नराख्दा एकैबाजी सबै पाइपमा पानी र फोहर पानी अवरुद्ध भयो । कतैकतै ओरालाहरूमा जोडले फोहर पानी पाइपमा पुग्दा बिचका ‘मेन होल’ हरूको ढकनी ( पानी छिर्ने) आफै उछिट्टिन्थ्यो । दायाँ बायाँका घर मालिकहरूले मध्यरातमा हाम्रा घरहरू थर्केर भत्किने सम्भावना भयो भनेर जनप्रतिनिधिहरूलाई खबर गरेका थिए । तत्काल जनप्रतिनिधिहरूले ओरालोका सबभन्दा तल्ला मेनहोलहरू खोल्दै गर्दा सबै फोहोर पानीले निकास पाएको अनुभव गरियो ।

**यो स्थितिको कारण के होला ?**

नेपालमा असार, साउन र भदौमा बेसरी पानी पर्ने र वर्षभरिको पानी झन्डै ९ भाग पानी ३ महिनामै पर्ने हुँदा बरफ हिउँ मात्रै पर्ने देशको हिसाबअनुसार विदेशी प्राविधिकहरूले स-साना पाइपहरू जडान गर्दा फोहर पानीको प्रवाह रोक्ने समस्या यथावत रहन्थ्यो ।

दोस्रो कुरा, हामी नेपाली जनतामा आज पनि नागरिक भावनाको कमी छ । आफ्नै चर्पी, कौसी, बेसिनमा समेत कपालका रौँ, स-साना कसिङ्गरहरू र चोकको निकासमा

***बाँकी पृष्ठ २ मा***

## ‘चे, फिडेलको संस्मरण’ पुस्तकमाथि विचार गोष्ठी सम्पन्न

सुर्खेत, ३१ साउन । नेपाल मजदुर किसान पार्टी वीरेन्द्रनगर नगर समिति, सुर्खेतको आयोजनामा क्युवाली क्रान्तिका महान् नायक फिडेल क्यास्ट्रोको १०० औँ जन्मजयन्तीको अवसरमा ‘चे, फिडेलको संस्मरण’ पुस्तकमाथि शनिबार अध्ययन गोष्ठी भयो ।

नेमकिपा वीरेन्द्रनगर नगर समितिका संयोजक शेरबहादुर शाहीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन समितिका सदस्य मुनबहादुर विकले गर्नुभएको थियो भने अर्का सदस्य अमरबहादुर भण्डारीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य तुलसी खड्काले क्युवाली क्रान्तिमा फिडेल क्यास्ट्रो र चे ग्वेभाराको योगदानबारे चर्चा गर्दै देशको वर्तमान राजनीतिक तथा सामाजिक अवस्था पहिलेभन्दा नाजुक बन्दै गएको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, “अहिले ग्यास, मल, तेललगायतका अत्यावश्यक वस्तु लिन सर्वसाधारणले सबैतिर लामो लाइन बस्नुपर्ने बाध्यता छ ।”

उहाँले युवा तथा विद्यार्थीहरू कुनै पनि लोभलालचमा नपरी निरन्तर जनताको सेवामा लाग्नुपर्नेमा जोड दिँदै लोभीपापी कार्यकर्ता भए सङ्गठन स्थिर हुन नसक्ने र अन्तत: देउवाकै जस्तो हालत हुने चेतावनी दिनुभयो ।

नेमकिपा सुर्खेतका अध्यक्ष हरिबहादुर बोहराले नेपाली जनताले क्युवाली जनता र नेपाली नेताहरूले क्युवाली क्रान्तिका नेता फिडेल क्यास्ट्रोबाट देशप्रेम सिक्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

नेमकिपा कर्णाली प्रदेश समितिका सदस्य धनेन्द्र विकले क्युवाली क्रान्तिमा चे र फिडेलले खेल्नुभएको भूमिका र त्यसबाट नेपाली क्रान्तिकारीहरूले सिक्नुपर्ने महत्त्वपूर्ण पाठहरूबारे प्रकाश पार्नुभयो ।

अतिथि गणेश खड्काले चे ग्वेभाराको आदर्शबाट सिकेर सङ्गठन विस्तार हुन नसकेका जिल्लाहरूमा गई काम गर्न आफ्ना निजी स्वार्थलाई भन्दा सङ्गठनको हितलाई महत्त्व दिनुपर्छ भन्ने धारणा राख्नुभयो ।

कार्यक्रममा अतिथि एवम् कर्णाली कला साहित्य समाज, सुर्खेतका सदस्य प्रकाश ओझेलले ‘चे, फिडेलको संस्मरण’ पुस्तकको विषयवस्तुमा आधारित रहेर

***बाँकी पृष्ठ २ मा***

# विभिन्न स्थानबाट लागूऔषधसहित २५ जना पक्राउ

काठमाडौँ, ३१ साउन । नियमित गस्तीमा रहेको प्रहरी टोलीले कास्की, मोरङ, सुनसरी, बर्दिया, धनुषा, झापा, ललितपुर, कैलाली, तनहुँ र उदयपुरका विभिन्न स्थानबाट टापेन्टाडोल, ब्राउनसुगर, गाँजा, खैरो हेरोइन, ट्रामाडोल, पोलेन र प्रेगाब्लिनलगायत लागुऔषधसहित २५ जनालाई पक्राउ गरेको छ ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार कास्कीको पोखरा महानगरपालिका-१ सिम्पानीबाट टापेन्टाडोल दुई सय २० ट्याब्लेटसहित सन्दिप गुरुङसहित पाँच जना पक्राउ परेका छन् । अनुसन्धानका क्रममा पोखरा-२५ हेम्जास्थित डेराबाट टापेन्टाडोल आठ सय ट्याब्लेटसहित २१ वर्षीय लुकास तामाङ पक्राउ पनि परेका छन् ।

मोरङमा तीन जनालाई पक्राउ गरिएको छ । सुन्दरहरैँचा नगरपालिका-५ खोक्सीबाट ब्राउनसुगरजस्तो देखिने पदार्थ तीन सय ९० मिलिग्रामसहित २२ वर्षीय प्रशान्त मगर, लेटाङ-३ विरनटोलबाट गाँजा करिब एक सय ग्रामसहित १८ वर्षीय किशोर र कानेपोखरी गाउँपालिका-६ नर्सरी डाँडाबाट ब्राउनसुगर जस्तो देखिने पदार्थ दुई ग्राम पाँच सय मिलिग्रामसहित २४ वर्षीय निमेश घिमिरे पक्राउ परेका छन् ।

सुनसरीको इटहरी-१० शिवनारायण टोलबाट खैरो हेरोइनजस्तो देखिने पदार्थ पाँच ग्राम आठ सय ५० मिलिग्रामसहित मोहन गुरुङसहित तीन जना पक्राउ परेका छन् । बर्दियाको बढैयाताल-२ बाट खैरो हेरोइन करिब तीन सय ४९ ग्राम तीन सय ६० मिलिग्रामसहित ५२ वर्षीय दिवे सुनार र धनुषाको विदेह-८ बफैबाट ३९ ग्राम तीन सय ६० मिलिग्रामसहित २८ वर्षीय उमेश मण्डल पक्राउ परेका छन् ।

यसैगरी, झापाको बिर्तामोड-३ बाट ब्राउनसुगरजस्तो देखिने पदार्थ चार सय ९० मिलिग्रामसहित ४० वर्षीय सन्तोष राजवंशी पक्राउ परेका छन् ।

ललितपुरमा दुई घटनामा तीन जना पक्राउ परेका छन् । ललितपुर महानगरपालिका-२९ हरिसिद्धी गुमथचोकबाट ट्रामाडोल ६० ट्याब्लेट र पोलेन चार ग्रामसहित सुरज तामाङसहित दुई जना तथा महालक्ष्मी-३ इमाडोलबाट टापेन्टाडोल सात सय १० र प्रेगाब्लिन २४ ट्याब्लेटसहित २९ वर्षीय खगेन्द्रबहादुर राउत पक्राउ परेका छन् ।

कैलालीको धनगढी-८ बाट ब्राउनसुगर जस्तो देखिने पदार्थ एक ग्राम एक सय ३० मिलिग्रामसहित क्रिस बमसहित चार जना, तनहुँको व्यास-९ माझफाँटबाट गाँजा करिब एक किलो पाँच सय ५० ग्रामसहित मनोज थापासहित दुई जना र उदयपुरको कटारी-३ बाट टापेन्टाडोल ६१ ट्याब्लेटसहित सलम खानसहित दुई जना पक्राउ परेका हुन् । उनीहरूलाई गत शुक्रबार र हिजो शनिबार पक्राउ गरिएको हो । *(रासस)*

# कृषि उत्पादन ‘पकेट’ क्षेत्र विकास गर्न पाँच करोड ५० लाख अनुदान

कैलाली, ३१ साउन । कैलालीका १३ वटै स्थानीय तहमा ‘एक स्थानीय तह दुई उत्पादन अभियान’ अन्तर्गत विशेष पकेट क्षेत्र विकास कार्यक्रम सञ्चालन गरी गत आर्थिक वर्षमा रु. पाँच करोड ५० लाख अनुदान उपलब्ध गराइएको छ ।

कार्यक्रमबाट जिल्लाका ३७३ किसान लाभान्वित भएको भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले जनाएको छ ।

किसानलाई स्थानीयस्तरमै व्यवसाय सञ्चालन गर्न सहज बनाउँदै आयआर्जनमा वृद्धि गर्ने तथा बढीभन्दा बढी किसानलाई उत्पादनमा जोड्ने उद्देश्यले विशेष पकेट क्षेत्र विकास कार्यक्रम सञ्चालन गरिएको केन्द्रका प्रमुख चन्द्रकान्त पन्तले जानकारी दिनुभयो ।

प्रमुख पन्तका अनुसार बाख्रा, भैँसी, बङ्गुर र मत्स्यपालनतर्फका फार्म, समूह तथा सहकारीमार्फत अनुदान दिइएको हो । कार्यक्रमअन्तर्गत चुरे गाउँपालिकाका ६७ बाख्रा फार्मलाई रु. ४० लाख, मोहन्याल गाउँपालिकाका १० बाख्रा फार्म, तीन समूह र एक सहकारीलाई रु. ४० लाख, गौरीगङ्गा नगरपालिकाका २२ बाख्रा फार्मलाई रु. ४० लाख तथा सोही नगरपालिकाका थप २० बाख्रा फार्मलाई रु. ४० लाख अनुदान उपलब्ध दिइएको छ ।

त्यसैगरी, घोडाघोडी नगरपालिकाका चार बङ्गुर फार्मलाई रु. ४० लाख, लम्कीचुहा नगरपालिकाका १३ भैँसी फार्मलाई रु. ५० लाख, टीकापुर नगरपालिकाका सात भैँसी फार्मलाई रु. ५० लाख, जानकी गाउँपालिकाका तीन भैँसी फार्मलाई रु. ४० लाख, भजनी नगरपालिकाका चार भैँसी फार्मलाई रु. ४० लाख र धनगढी उपमहानगरपालिकाका २२ भैँसी फार्मलाई रु. ५० लाख अनुदान दिइएको छ ।

बर्दगोरिया गाउँपालिकाका तीन मत्स्य फार्मलाई रु. ४० लाख, जोशीपुर गाउँपालिकाका तीन बाख्रा फार्मलाई रु. ४० लाख तथा कैलारी गाउँपालिकाका दुई बङ्गुर फार्म, दुई समूह र एक सहकारीलाई रु. ४० लाख अनुदान उपलब्ध गराइएको केन्द्रले जनाएको छ ।

‘एक स्थानीय तह दुई उत्पादन’ अभियानअन्तर्गत एउटा कार्यक्रम भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र र अर्को कार्यक्रम कृषि ज्ञान केन्द्रमार्फत सञ्चालन हुने प्रमुख पन्तले बताउनुभयो ।

यसैगरी, कार्यालयले एकल महिला, कमैया, सीमान्तकृत समुदाय, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गलाई लक्षित गरी आयआर्जनमा सुधार ल्याउने उद्देश्यले बाख्रा तथा बङ्गुरपालनका लागि २१ समूहलाई प्रतिग्रुप रु. एक लाख ७८ हजारका दरले अनुदान उपलब्ध गराएको छ ।

सामुदायिक पशु व्यवस्थापनअन्तर्गत कैलालीका तीन गौशालाको थप व्यवस्थापनका लागि रु. नौ लाख ५० हजार उपलब्ध गराइएको छ । साथै, हलगोरु तथा राँगा पाल्दै आएका जिल्लाका ५५१ किसानलाई प्रतिकिसान रु. दुई हजार ७०० का दरले रु. १४ लाख ८७ हजार प्रोत्साहन रकम उपलब्ध गराइएको केन्द्रले जनाएको छ ।

यसबाट स्थानीयस्तरमा पशुपालन तथा मत्स्यपालन व्यवसायको विस्तारसँगै उत्पादन र किसानको आयआर्जन बढाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । *(रासस)*



**ग्याससँगै सडकले दिएको सास्ती**
नेपाल आयल निगमको टेकु कार्यालय परिसरबाट आइतबार खाना पकाउने एलपी ग्यास लिएर गन्तव्यतर्फ फर्कँदै सर्वसाधारण । निगमको टेकु बिक्री केन्द्रबाट निस्कने सडक चिप्लो र हिलो हुँदा सर्वसाधारणले थप सास्ती व्यहोरेका छन् । *तस्बिर: अशोक घिमिरे/रासस*

# विदेशी उपाधिको समकक्षता निर्धारणको जिम्मेवारी अनुदान आयोगलाई

काठमाडौँ, ३१ साउन । विश्वविद्यालय अनुदान आयोगले विदेशी विश्वविद्यालय वा सोसरहका शैक्षिक संस्थाबाट प्राप्त शैक्षिक उपाधिको समकक्षता निर्धारणको जिम्मेवारी पाएसँगै प्रक्रिया सुरु गरेको छ । आयोगले पहिलो चरणमा करिब ३० जनाको समकक्षता निर्धारण गरेको छ ।

यसअघि त्रिभुवन विश्वविद्यालयले गर्दै आएको समकक्षता निर्धारणको जिम्मेवारी सरकारले विश्वविद्यालय अनुदान आयोगलाई दिएपछि आयोगले काम सुरु गरेको हो । आयोगका नवनियुक्त अध्यक्ष प्राडा खड्गबहादुर केसीले आफूले साउन २२ गते पदबहाली गरेको र साउन २५ गतेदेखि समकक्षता निर्धारणसम्बन्धी निर्णय गर्न थालिएको बताउनुभयो ।

उहाँका अनुसार हाल त्रिभुवन विश्वविद्यालयकै समकक्षता निर्धारण कार्यविधिअनुसार काम भइरहेको छ भने आयोगको नयाँ कार्यविधि स्वीकृतिको चरणमा छ । विज्ञ जनशक्ति अभाव भएपछि आयोगले त्रिभुवन विश्वविद्यालयबाट कर्मचारी काजमा ल्याएर समकक्षता निर्धारण गरिरहेको छ ।

आयोगका सदस्य पदहरू रिक्त रहेकाले ती पदमा नियुक्ति भएपछि नयाँ कार्यविधिले पूर्णता पाउने अध्यक्ष केसीले बताउनुभयो । प्रस्तावित कार्यविधिमा आयोगका सचिवको अध्यक्षतामा समकक्षता निर्धारण समिति गठनको व्यवस्था गरिएको छ ।

आयोगले साउन १ गतेदेखि समकक्षताका लागि अनलाइन माध्यमबाट आवेदन दिन खुला गरेको थियो । यसअघि उच्च शिक्षाको समकक्षता निर्धारणको काम त्रिभुवन विश्वविद्यालयको शिक्षाध्यक्षको कार्यालयअन्तर्गतको पाठ्यक्रम विकास केन्द्रले गर्दै आएको थियो ।

सरकारले ‘केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०८२’ मार्फत ‘विश्वविद्यालय अनुदान आयोग ऐन, २०५०’ संशोधन गरी विदेशी विश्वविद्यालय वा सोसरहका शैक्षिक संस्थाबाट प्रदान गरिने शैक्षिक उपाधिको समकक्षता निर्धारण गर्ने अधिकार आयोगलाई दिएको हो ।

शिक्षा तथा खेलकुद मन्त्रालयका उच्चाधिकारीका अनुसार नयाँ व्यवस्थाले विदेशी विश्वविद्यालयबाट उच्च शिक्षा हासिल गरेका विद्यार्थी तथा नेपालका विभिन्न विश्वविद्यालयबाट प्राप्त उपाधिको समकक्षता निर्धारणलाई एउटै केन्द्रीय निकायबाट व्यवस्थित गर्ने आधार तयार गरेको छ ।

संशोधित कानुनले आयोगलाई क्रेडिट ट्रान्सफर तथा विश्वविद्यालयको गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (क्युएए) सम्बन्धी काम गर्ने अधिकार प्रत्यायोजन गरिएको छ ।

त्रिभुवन विश्वविद्यालयको पाठ्यक्रम विकास केन्द्रबाट यसअघि जारी भएका समकक्षता प्रमाणपत्र भने नयाँ व्यवस्थाका कारण पुन: समकक्षता गराउनुपर्दैन । *(रासस)*

# मण्डनदेउपुरमा ‘टीबी स्क्रिनिङ’ अभियान: तीन जनामा पहिचान

काभ्रेपलाञ्चोक, ३१ साउन । काभ्रेपलाञ्चोकको मण्डनदेउपुर नगरपालिकाले समुदायस्तरमा सञ्चालन गरेको ‘टिवी स्क्रिनिङ’ अभियानका क्रममा दुईवटा वडामा तीन जनामा क्षयरोग पहिचान भएको छ । नगर स्वास्थ्य शाखाको आयोजना तथा जन्त्र नेपालको प्राविधिक सहयोगमा सञ्चालित अभियानमा स्वास्थ्य परीक्षण तथा स्क्रिनिङ कार्यक्रमअन्तर्गत दुई वडामा तीन बिरामी पहिचान भएका हुन् ।

मण्डनदेउपुर नगरपालिका-१० स्थित चण्डेनीमण्डन स्वास्थ्यचौकीमा शुक्रबार सञ्चालित एनसिडी स्क्रिनिङ तथा एक्स-रेमार्फत टिवी स्क्रिनिङ कार्यक्रममा १२४ सेवाग्राहीले स्वास्थ्य परीक्षण गराएका थिए । परीक्षणको क्रममा शङ्कास्पद १४ जनाको खकारका नमूना सङ्कलन गरिएकामा दुई जना पुरुषमा सक्रिय क्षयरोग पुष्टि भएको नगर स्वास्थ्य शाखाले जनाएको छ ।

त्यसैगरी, वडा नं १२ स्थित ज्याम्दी स्वास्थ्यचौकीमा बिहीबार सञ्चालित शिविरमा १२१ जनाको छातीको एक्स-रे परीक्षण गरिएको थियो । परीक्षणका क्रममा एक जनामा क्षयरोग पहिचान भएपछि उपचारसमेत सुरु गरिएको नगर स्वास्थ्य शाखाप्रमुख दीपक घिमिरेले बताउनुभयो । उहाँका अनुसार शिविरमा सहभागीमध्ये क्षयरोगको सम्भावना देखिएका थप छ जनाको खकार नमुना सङ्कलन गरिएकामा एक जनामा क्षयरोग पुष्टि भएको हो ।

समुदायमै पुगेर क्षयरोग पहिचान गर्ने र बिरामीलाई समयमै उपचारको पहुँचमा ल्याउने उद्देश्यले टिवी स्क्रिनिङ कार्यक्रम सञ्चालन गरिएको नगरले जनाएको छ । प्रारम्भिक चरणमै रोग पहिचान गर्नसके उपचार प्रभावकारी हुने भएकाले समुदायस्तरमा नियमित स्वास्थ्य परीक्षण र स्क्रिनिङ आवश्यक रहेकाले अभियानका रूपमा लगिएको घिमिरेले बताउनुभयो । नगरद्वारा सञ्चालित उक्त अभियानअन्तर्गत दुई वडास्थित स्वास्थ्यचौकीमा आयोजित कार्यक्रमबाट २४५ जनाको परीक्षण, २० जनाको खकार नमूना सङ्कलन तथा तीन जनामा सक्रिय टिवी बिरामी पहिचान हुनु समुदायस्तरमा गरिने स्क्रिनिङ कार्यक्रमको प्रभावकारिताको रूपमा लिइएको जनाइएको छ ।

स्वास्थ्यकर्मीका अनुसार दुई साताभन्दा बढी समयसम्म लगातार खोकी लाग्ने, खोकीसँगै रगत आउने, ज्वरो आउने, राति अत्यधिक पसिना आउने, तौल घट्दै जाने, भोक कम लाग्ने, छाती दुख्ने तथा शरीरमा कमजोरी महसुस हुनेजस्ता लक्षण क्षयरोगका सम्भावित लक्षण हुन् । *(रासस)*

# जाजरकोटको रिसाङ पहिरोमा परी दुई जना बेपत्ता, सात घाइते

कर्णाली, ३१ साउन । अविरल वर्षापछि जाजरकोटको भेरी नगरपालिका-२ रिसाङमा गएको पहिरोमा परी दुई जना बेपत्ता भएका छन् ।

बेपत्ता हुनेमा सोही वडाको फाग्लाका ५४ वर्षीय उमासिंह खत्री र चिसापानीका ७० वर्षीय भीमबहादुर कार्की रहेका जिल्ला प्रहरी कार्यालय जाजरकोटका सूचना अधिकारी एवं प्रहरी निरीक्षक सुधीरकुमार खड्काले जानकारी दिनुभयो । उक्त पहिरोबाट सात जना घाइते भएका छन् । घाइते हुनेहरूमा वडा नं २ का ६० वर्षीय रामबहादुर शाही, ५७ वर्षीय भद्राकली कार्की, ४५ वर्षीय सिद्धिबहादुर कामी, वडा नं १ का ५२ वर्षीय केदार कार्की, ४५ वर्षीय मनवीर चँदरा, ४७ वर्षीय मोतिकला विक र १६ वर्षीय मनिषा विक रहेका छन् ।

शाहीको अवस्था गम्भीर रहेको र जिल्ला अस्पताल जाजरकोटमा सामान्य उपचारपछि थप उपचारका लागि नेपालगन्ज रेफर गरिएको सूचना अधिकारी खड्काले बताउनुभयो । घाइतेहरूको उद्धारका लागि अस्थायी प्रहरी पोष्ट रावतगाउँबाट प्रहरी सहायक निरीक्षक धर्मराज ढुङ्गानाको नेतृत्वमा पाँच जनाको टोली खटाइएको छ ।

त्यसैगरी, पहिरोबाट भेरी नगरपालिका-३ जाजरकोट स्यालाका पूर्णबहादुर विकको छकोठे दुईतले ढुङ्गामाटोले बनेको कच्ची घर पूर्ण रूपमा क्षति भएको र सोही गाउँका भैरवी केसीका दुईवटा टिनका अस्थायी टहरा पनि पहिरोले पूरै बगाएको उहाँले बताउनुभयो ।

घटनाको जानकारी पाएलगत्तै जिल्ला प्रहरी कार्यालयबाट प्रहरी निरीक्षक राजेश शाहीको नेतृत्वमा ११ जना र सशस्त्र प्रहरी बल नेपाल आश्रित गुल्म हेडक्वार्टरबाट सशस्त्र प्रहरी निरीक्षक कमल कार्की नेतृत्वमा १० जनाको टोली उद्धारका लागि परिचालन गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । *(रासस)*

। सम्पादकीय ।

# नेपालीलाई देशभित्र रोजगारी दिनुपर्छ

नेपालमा रोजगारी गर्न सक्ने जनसङ्ख्या १ करोड ५७ लाख भएको र यसमध्ये ७४६ स्थानीय तहमा ७ लाख ४५ हजारभन्दा बढीले बेरोजगारी दर्ता गरेको सार्वजनिक भयो। ठीक यही बेला नेपालमा श्रमिक उपलब्ध नहुँदा कतिपय नेपाली उद्योगी र व्यापारीहरू भारतमा खोज्न गएको पनि बाहिरियो। निर्माण क्षेत्रको लागि ११ लाख श्रमिक आवश्यक भएको तर नेपालमा ८-९ लाखमात्रै उपलब्ध भएको पनि सार्वजनिक भयो। नेपालको अवस्था नेपालीले देशभित्र रोजगारी नपाउने र रोजगारदाताले श्रमिक नपाउने भइरहेको छ। कतिपय नेपाली उद्योगी-व्यापारीले बङ्गलादेश र भारतका श्रमिक ल्याउनु परेको पीडा पोखिरहेका छन्। देशको यो अप्ठेरो स्थिति आउनुमा सरकार पुगेकाहरू नै दोषी छन्। बहुदलीय व्यवस्था पुन:स्थापनायताका ३५ वर्षमा सरकारमा गएका दलहरू - नेका, एमाले, तत्कालीन माओवादी, रास्वपा, राप्रपा र मधेस आधारित दलहरूले नेपालीलाई देशभित्र रोजगारी दिने कुनै पनि काम गरेनन् ।

सरकारहरूले स्थानीय तहमा रोजगार सेवा केन्द्र स्थापना गरेर देशभित्र रोजगारी दिने चर्चा चलाए। तर, वर्षको ८३ दिन २८ हजार ३४६ जनाले मात्र रोजगारी पाएको सार्वजनिक भयो। रास्वपा सरकारको पछिल्लो नीति तथा कार्यक्रममा आ.व. २०८३/८४ देखि २०९३/९४ सम्मको १० वर्षलाई रोजगार प्रवर्द्धन दशक घोषणा गरियो। नेका, एमाले, तत्कालीन माओवादी सरकारहरूले पनि यस्ता धेरै घोषणा गरेका थिए। तर, कुनै पनि घोषणा पूरा भएन। यथार्थमा विगतका सरकार र वर्तमान रास्वपाको सरकारबिच आर्थिक र विदेश मामिलामा मौलिक भिन्नता नै छैन। हिजो र आजका दुवै सरकारले नेपाली जनतालाई छलछाम मात्र गरेको पुष्टि भइरहेको छ ।

नेपालमा सरकारमा गएका पार्टीहरूले मजदुर सङ्गठनहरूलाई आ-आफ्नो भ्रातृ सङ्गठनको रूपमा राखेका छन्। नेपाली मजदुरहरूले संसारका मजदुर आन्दोलनको इतिहास राम्ररी अध्ययन गर्न नपाएको हुँदा सरकारी मजदुर सङ्गठनबाट कुनै हित नहुने विषय बुझ्न सकेनन्। नेका, एमाले र तत्कालीन माओवादीका मुख्य मुख्य मजदुर नेताहरू, सांसद र मन्त्री पनि भए तर मजदुरवर्गको हितमा काम भएन। उल्टो शासक दलका नेताहरू नै बहुराष्ट्रिय कम्पनीहरूलाई मजदुर पठाउने म्यानपावर कम्पनीको मालिक बने। संयुक्त राष्ट्र सङ्घअन्तर्गतको अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आईएलओ) मजदुरवर्गको हितमा नभएजस्तै शासक दलका मजदुर सङ्गठनहरू पनि भुत्ते भए।

यतिखेर नेपालका बैङ्क र वित्तीय संस्थाहरूमा कुल निक्षेप रू. ८२४४ खर्ब र कुल कर्जा ५९.३६ खर्ब रहेको सार्वजनिक भयो। पैतीस वर्षयताको शासक दलहरूका सरकार उद्योग-व्यापार गर्न नहुने साम्राज्यवादीहरूको नीतिमा लाग्यो। यसकारण, बैङ्क तथा वित्तीय संस्थामा तरलता बढेको हो। जनताका आधारभूत वस्तु उत्पादनमा सरकारले बैङ्क तथा वित्तीय संस्थाको लगानी गरेमा नेपालीलाई देशभित्र रोजगारी प्राप्त हुने र हाल भइरहेको खर्बौं रुपैयाँ व्यापारघाटालाई व्यापार नाफामा परिणत गर्न मद्दत पुग्नेछ। यसप्रकारको दृढता भएको सरकार बनाउन नेपाली जनता अब कम्मर कसेर लाग्न ढिलो भइसकेको छ।

केही आर्थिक विश्लेषकहरू बैङ्कमा पैसा थुप्रिनुको सबै दोष सरकारलाई दिन नहुने दाबी गर्छन्। यो सरकारबाट राजनीतिक नियुक्ति लिने चाप्लुसी मात्र हो। सरकारले राम्रो काम गरेर सारा जनताले साथ दिन्छन्। मुठीभरका व्यक्तिको हितमा काम गर्ने सरकारलाई जनताले विरोध गर्नु स्वाभाविक हो। उद्योग र व्यापारमा सरकारले नेतृत्व गरे जनताको साथ हुनेछ। यतिबेला सरकारको लगानी भएका बैङ्कको सङ्ख्या थोरै र केही व्यक्तिको ढुकुटीको रूपमा रहेका निजी बैङ्कहरू धेरै छन्। सरकारी हिस्सा भएको बैङ्कभन्दा निजी बैङ्कहरूको खुद नाफा बढी भइरहेको छ। राष्ट्र बैङ्कले नोट छाप्ने र भण्डारण निजी बैङ्कले गर्ने भए देशको सन्तुलित आर्थिक विकास हुनेछैन। यसकारण, बैङ्कमा पैसा थुप्रिनुको दोषी आजसम्मका सरकारहरू नै हुन्।

पुँजीपतिवर्गले आफ्नो लगानीको दुगुणा नाफा हुने भए मात्र बैङ्क तथा वित्तीय संस्थाबाट ऋण लिन्छ। यतिखेर नेपालमा विदेशी सामान सस्तोमा आपूर्ति भइरहेको छ। थोरै ब्याजमा ऋण लिएर उद्योग-व्यापार गरे पनि नाफा नहुने अवस्था छ। यसकारण, सरकारले नाफा नहोला कि भनेर सोच्नु नपर्ने हुँदा बैङ्क तथा वित्तीय संस्थामा रहेको रकम उत्पादन क्षेत्रमा लगानी गर्ने कानुनी व्यवस्था गरी नेपालीलाई देशभित्र रोजगारी दिनु जरूरी छ।

# जापानले जबरजस्ती श्रमको ऐतिहासिक अपराधलाई सहजै मेटाउन सक्दैन

✍ झोउ याक्सिन

दक्षिण कोरियाको बुसानमा भएको ४८ औं विश्व सम्पदा समितिको बैठकमा युनेस्कोका लागि दक्षिण कोरियाका राजदूत किम जी-हीले जापानको औपनिवेशिक शासनकालमा जबरजस्ती परिचालन गरिएका कोरियाली मजदुरहरूको 'पूर्ण इतिहास' प्रस्तुत गर्ने दशक पुरानो प्रतिबद्धता पूरा गर्न असफल भएकोमा जापानलाई दबाब दिइन्। उनले भनिन् कि टोकियोको औद्योगिक सम्पदा सूचना केन्द्रमा प्रदर्शनहरूले कोरियालीहरूले उनीहरूको इच्छाविपरीत ल्याइएका अनुभवहरू प्रतिबिम्बित गर्न असफल भए र कठोर परिस्थितिमा काम गर्न बाध्य भए। त्यो प्रश्नको पछाडि जापानको युद्धकालीन विगतबाट उत्पन्न भएको ऐतिहासिक ऋण छ जुन दशकौंसम्म समाधान हुन सकेको छैन।

दोस्रो विश्वयुद्धको समयमा, आफ्नो युद्ध प्रयासको लागि आपूर्तिहरू सुरक्षित गर्न, जापानले कोरियाली प्राय:द्वीपबाट १,५१९ कामदारहरूलाई १९४० र १९४५ को बिचमा सादो, निगाता प्रिफेक्चरको सादो सुन खानीमा जबरजस्ती श्रम गर्न परिचालन गरेको थियो। तिनीहरूले दमन र भेदभाव सहे; धेरैको क्रूर काम गर्ने अवस्थाको परिणामस्वरूप मृत्यु भयो, जबकि अरूहरू पछि निमोकोनियोसिसजस्ता रोगका शिकार भए।

२०२४ मा जापानले साडो सुनखानीको विश्व सम्पदा बोलीको लागि सियोलको समर्थनको बदलामा जबरजस्ती श्रमका पीडितहरूको लागि स्मारक समारोहमा दक्षिण कोरियासँग सहयोग गर्ने वाचा गरेको थियो। तथापि, जापानले कामदारहरूको 'जबरजस्ती परिचालन' लाई स्वीकार गर्न अस्वीकार गर्यो, जसले दक्षिण कोरियाली विरोधलाई उत्प्रेरित गर्यो। जापानले पनि जापानको औपनिवेशिक शासन र उनीहरूको पीडालाई बेवास्ता गर्दै विदेशी कामदारहरूलाई सङ्क्षिप्त रूपमा उल्लेख गर्दै सम्पदा प्रदर्शनीमा यो इतिहासलाई पूर्ण रूपमा प्रस्तुत गर्न असफल भएको छ।

वास्तवमा, जापानको दक्षिणपन्थी सेना सादो सुनखानीको विश्व सम्पदा बोलीको प्रमुख चालक थिए। यद्यपि योजना फेब्रुअरी २०२१ मा सुरु भयो। सरकारले सुरुमा दक्षिण कोरियासँगको सम्बन्धलाई बिगार्ने र 'कम्फर्ट वुमन' साइटहरूमा सम्भावित विवादहरू बाहिर आउला भनी हिच्किचायो। तत्कालीन एलडीपी नीति प्रमुख साने ताकाइची, पूर्वप्रधानमन्त्री शिन्जो आबे र एलडीपीका उपाध्यक्ष तारो एसोको दबाबमा तत्कालीन प्रधानमन्त्री फुमियो किशिदाले अन्तत: ठेक्कालाई अगाडि बढाए।

विडम्बनाको कुरा के छ भने, आसो कोइला खानी स्थापना गर्ने तारो एसोका




हजुरबुबा, ताकिची एसोले दोस्रो विश्वयुद्धको समयमा कोरियाली प्राय:द्वीपबाट १०,००० भन्दा बढी कामदारहरूलाई जबरजस्ती परिचालन गरे। यी कामदारहरूको शोषणले परिवारलाई ठूलो सम्पत्ति कमाउन मद्दत गर्यो। तर यो हिमशैलीको टुप्पो मात्र थियो जब यो जापानको मजदुरहरूको जबरजस्ती परिचालनको कुरा आउँछ।

सन् १९१० मा कोरियाली प्राय:द्वीपको जापानी एकीकरणले ३५ वर्षको औपनिवेशिक शासन सुरु भयो। १९३७ मा चीनमाथि पूर्ण मात्रामा आक्रमण सुरु गरेपछि, जापानले १९३८ मा राष्ट्रिय परिचालन कानुन लागू गर्‍यो, जसले सरकार र मित्सुबिसी, मित्सुई र एसो लगायतका कम्पनीहरूले ठूलो मात्रामा मजदुरहरूलाई जबरजस्ती परिचालन गर्न सक्षम बनायो। जापानी इतिहासकार यासुतो ताकेउचीले सरकारी अभिलेखको आधारमा अनुमान गरेका छन् कि १९३९ र १९४५ को बिचमा लगभग ८००,००० कोरियालीलाई जबरजस्ती श्रम गराउने जापानमा ल्याइएको थियो।

१९४३ र १९४५ को बिच, लगभग ४०,००० चिनियाँ कामदारहरूलाई पनि जबरजस्ती जापान लगियो, जसमा ११ वर्ष वा सोभन्दा कम उमेरका केटाकेटीहरू थिए। तीमध्ये लगभग ६,८३० जनाको मृत्यु भएको थियो। खानी, शिपयार्ड र अन्य साइटहरूमा पठाइयो, तिनीहरूले क्रूर अवस्थाहरूमा कष्टदायी काम सहे। युद्धपछि, जापानले तुरुन्तै अधिकांश श्रमिकहरूलाई स्वदेश फिर्ता गर्यो तर इतिहासको यो अध्यायलाई औपचारिक रूपमा स्वीकार गरेन, गल्ती स्वीकार गर्न छोड्नुहोस्।

१९६५ मा जापान र दक्षिण कोरियाले जापान र कोरिया गणतन्त्रबिच आधारभूत सम्बन्धको सन्धिमा हस्ताक्षर गरे, जसअन्तर्गत जापानले दक्षिण कोरियालाई कुल ५०० मिलियन डलर आर्थिक सहायता प्रदान गर्यो। जापानले यसलाई क्षतिपूर्तिको लागि सबै व्यक्तिगत दाबीहरू अस्वीकार गर्न कानुनी ढालको रूपमा प्रयोग गर्दै एकपक्षीय रूपमा घोषणा गर्‍यो कि दक्षिण कोरियालाई क्षतिपूर्तिको मुद्दा 'पूर्ण रूपमा र अन्तिम' समाधान भएको छ।

जुलाई २०१५ मा, विश्व सम्पदा समितिको ३९ औँ सत्रमा, हाशिमा टापुसहित जापानको 'जापानको मेइजी औद्योगिक क्रान्तिको साइटहरू' सँग सम्बन्धित २३ साइटहरू सफलतापूर्वक विश्व सम्पदा सूचीमा अङ्कित गरियो। यसले 'जबरजस्ती श्रम' को मुद्दासँग सम्बन्धित सुविधाहरूको पहिलो सफल विश्व सम्पदा शिलालेख चिह्न लगाइयो। दक्षिण कोरिया र अन्य देशहरूको विरोधबाट बच्नको लागि, जापानले विश्वलाई प्रत्येक सुविधाको 'पूर्ण इतिहास' व्याख्या गर्न प्रयास गर्ने वाचा गर्‍यो। तैपनि, भोलिपल्ट, जापानले तुरुन्तै आफ्नो धुन परिवर्तन गर्यो, तर्क गर्दै कि यसले स्वीकार गरेको शब्द - 'काम गर्न बाध्य' - 'जबरजस्ती श्रम' को बराबर थिएन। 'विश्व सम्पदा' को प्रतिष्ठित ब्यानरअन्तर्गत, जबरजस्ती श्रमका पुराना साइटहरूलाई 'जापानको आधुनिकीकरणको प्रमाण' को रूपमा प्रभावकारी रूपमा सेतो पोत्ने गरियो। तर, संसार अन्धो छैन। इतिहास बिर्सनु हुँदैन, अपराध मेटाउन सकिँदैन र यस्ता योजना सफल हुँदैनन्।

विश्व सम्पदा समितिको ४८ औँ सत्रको केही समयअघि विश्व सम्पदा समितिले सादो सुन खानीको संरक्षणको अवस्थाबारे जापानको प्रतिवेदनको समीक्षा गर्‍यो। यसले साइटको व्यापक ऐतिहासिक व्याख्या प्रदान गर्न र यसको ऐतिहासिक प्रदर्शनीहरू, विशेष गरी औपनिवेशिक अवधिमा मजदुरहरूको जबरजस्ती परिचालनको इतिहासको अपर्याप्त प्रस्तुतीकरण प्रदान गर्ने जापानको प्रयासहरूमा उल्लेखनीय कमीहरू स्पष्ट रूपमा औँल्यायो। यसले जापानलाई सम्बन्धित देशहरूसँग पूर्ण परामर्श गर्न र साइटको व्याख्यात्मक सामग्री, प्रदर्शनी लेआउट र सम्बन्धित सुविधाहरूमा थप सुधार गर्न आग्रह गरेको छ। जापानले डिसेम्बर १, २०२७ भित्र कार्यान्वयन प्रतिवेदन बुझाउनुपर्ने थियो।

केवल आफ्नो शब्दमा तुरुन्तै फिर्ता जान जापानले विश्व सम्पदा शिलालेख सुरक्षित गर्न कोरा प्रतिज्ञाहरू गरे। मजदुरहरूको जबरजस्ती परिचालनजस्ता ऐतिहासिक अपराधहरूलाई जानाजानी मेटाउनका लागि यसले भ्रामक युक्ति पनि अपनाएको छ। यसो गर्दा यसले ऐतिहासिक सत्यता र जापानी आक्रमणबाट पीडित देश र जनताका साथै मानव विवेक, निष्पक्षता र न्यायलाई धोका दिएको छ। जापानको निरन्तर छलकपट गर्ने, छल्ने र अस्वीकार गर्ने तिनीहरूको मूलमा, इतिहासको सैन्यवादी दृष्टिकोण र आक्रामकताको इतिहासलाई सेतो बनाउन खोज्ने दक्षिणपन्थी शक्तिहरूको परिचित रणनीतिको उत्पादन हो। तर, खानीमा गाडिएका हड्डीहरू झूट बोल्दैनन् र मजदुरहरूको रगत र आँसु सुकेका छैनन्। इतिहासलाई जानाजानी लुकाइएको कारणले मात्र मेटिने छैन। न्याय ढिलो हुन सक्छ तर यो कहिल्यै अनुपस्थित हुँदैन।

***(लेखक अन्तर्राष्ट्रिय मामिलाका पर्यवेक्षक हुनुहुन्छ ।)***

***- पिपल्स डेली अनलाइनबाट***

# पत्रकारहरू राजनीतिबाट अलग्ग हुन सक्दैनन्

✍ गौरव प्रधान

पत्रकारिता समाजको ऐना र इन्जिन दुवै हो। यसले देश र समाजको अवस्थालाई छर्लङ्ग पार्ने काम गर्छ। पत्रकारिताले घटनाको विवरणमात्र दिएर पुग्दैन। घटनाको कारण खोजेर समस्याको गहिराइमा पुग्नुपर्छ। नेपालको पत्रकारितामा घटनाको खबर हुन्छ। तर, त्यो घटनाबारे विचार व्यक्त भएको पाइँदैन। भूकम्प भयो भने भूकम्पले पुर्‍याएको क्षति विवरणमात्र दिने होइन। भूकम्पले क्षति पुर्‍याएका घर, भवन र पीडितहरूको निम्ति गर्नुपर्ने काम, समाज र राज्यको दायित्वबारे पत्रकारिताले सूचना प्रवाह गर्नुपर्ने हुन्छ। कुनै रोगको प्रकोप भएर बिरामी र मृतकको सङ्ख्या मात्र समाजमा जानकारी दिने होइन, रोग नियन्त्रण गर्न के कस्ता औषधि, स्वास्थ्योपचार गर्न स्वास्थ्यकर्मीको खतनपतन सबैमा ध्यान पुर्‍याउनुपर्छ। बाढी पहिरोले पुर्‍याएको क्षति विवरणसँगै उठिवास भएकालाई स्थानान्तरण गर्ने, आवासको व्यवस्था गर्ने, खानपिन मिलाउनेतर्फ पनि पत्रकारिताले ध्यानाकर्षण गर्नुपर्छ। समाचारमा पत्रकारले विचार व्यक्त गर्न पाइँदैन भन्ने मान्यता पत्रकारिता क्षेत्रमा बसेको छ। यसैको आधारमा कति पत्रकारहरू कुनै घटनामा विचार व्यक्त भएपछि राजनीति भएको बताउँछन्।

कुनै पनि पत्रकारहरू राजनीतिबाट अलग्ग हुनसक्दैनन्। प्रत्यक्ष वा अप्रत्यक्ष, सक्रिय या निष्क्रिय भएर उनीहरू कुनै न कुनै राजनीतिक दलसँग आबद्ध हुन्छन्। दलमा आबद्ध भयो भनेर देश र जनताको मर्का, पिर समस्याबारे लेख्दा समाचारको सन्तुलन र विश्वसनीयता गुम्छ भन्ने कुरा होइन। राष्ट्र हितको निम्ति नै पत्रकारिता गर्नुपर्छ। बरु, कमाउधन्दामा लागेका पत्रकार या पत्रकारिताको विश्वास गुम्छ। कति पत्रकारहरू आफ्नो आम्दानी या नाफामा बाधा पर्ला भनेर काम गरे पनि नगरे पनि कुनै धनाढ्य, ठुलठुला व्यापारी, उद्योगी, ठेकेदार, नाफाखोरहरूको गुणगान गर्छन्; गुणगानको नाउँमा झूट कुरा पनि फलाक्छन्। उनीहरू पैसा पाउनकै निम्ति समाचार लेख्छन् या व्यक्तिको गुणगान गर्छन्। हेर्दा त्यो समाचार व्यक्तिको भए पनि त्यसभित्र राजनीति घुसेकै हुन्छ। राजनीतिक व्यवस्था भएको देशमा मानिसहरू कसरी राजनीतिबाट अलग्ग हुन्छन्? सर्वसाधारण जनता नै राजनीतिबाट अलग्ग हुँदैन भने देश विदेशको घटनाबारे समाचार, लेख लेख्ने पत्रकारहरू कसरी राजनीतिबाट अलग्ग हुन्छन्?

नेपालको विकासको काममा भ्रष्टाचार व्याप्त छ। ट्रान्सपरेन्सी इन्टरनेसनलले पनि यो कुराको पुष्टि गरेको छ। केही वर्षदेखि नेपाल बढी भ्रष्टाचार र अनियमिततामा कालोसूचीमा परेको छ। कमिसनको कारण साना ठुला आयोजनाको गुणस्तर कमजोर हुने गरेको छ। ठेकेदार, अपराधी र विदेशी दलालहरू शासक नेताहरूको वरिपरि घुम्छन्। उनीहरूको साँठगाँठ ती नेताहरूसँग रहेको हुन्छ। पत्रकारिताले यस्तो जालो तोड्नुपर्छ, यस्तो जालो तोड्न पत्रकार या पत्रकारिता डराउनुहुँदैन। सरकार या सत्तारुढ दलका नेता र मन्त्रीहरूको जोखिम मोल्नुपर्ला, राज्यबाट पाउने सहयोग र सेवाबाट वञ्चित होला भनेर पत्रकारहरू लेख्नुपर्ने पनि समाचार लेख्दैनन्। कर्मचारी तन्त्रमा ढिलासुस्ती गर्ने काम छोडेको छैन। ढिलासुस्ती, अनियमितता र भ्रष्टाचारको विरोध गरिएन भने पत्रकारिताको धर्म कसरी निर्वाह हुन्छ? प्रमाण, तथ्य र जनगुनासोको आधारमा कुनै सरकारी या

***बाँकी पृष्ठ ७ मा***

# तिब्बत : धर्मतन्त्र अल्पतन्त्र बचाउने ज्यावल

मानव समाजमा विभिन्न सामाजिक तहहरू विकसित भएदेखि नै धर्म र राजनीतिको नजिकको सम्बन्ध रहँदै आएको छ ।

मानवले आफ्नो क्षमता र प्रकृतिको विशालताका अघि आफ्नो छुद्रता महसुस गरेपछि उत्पन्न विश्वास र परम्पराहरू नै धर्म हो । यो धर्म वास्तवमा वर्गीय समाजको केही समूहको स्वार्थसँग जोडिएको हुन्छ । प्राय: शासक वर्गले साधारण जनतालाई गरेको शोषण लुकाउन धार्मिक




**भूमिसुधारभन्दा पहिले दलाई लामा आफ्नो पद र वर्गको निम्ति चीनविरोधी देखापरेन, १९५४ मा उनी माओ त्सेतुङको दायाँ बसेका थिए ।**

चमत्कारको कुरा गरिन्छ ।

धर्मप्रतिको मोह शासकवर्गले आफ्नो फाइदाको लागि गरेको उक्साहटको परिणाम हो ।

बहुसङ्ख्यक जनतामाथि अल्पसङ्ख्यकले शोषण गर्ने 'प्रशासनिक शक्ति' औजार बन्न छोडेपछि मात्रै मानवले साँचो अर्थमा स्वतन्त्रताको प्रत्याभूति पाउँछ र त्यो अवस्थामा मात्रै धर्म मान्यता र विश्वासको कुरा बन्ने गर्छ । त्यही अवस्थामा मात्रै धर्मले आफ्नो साँचो अर्थ र उत्साह प्राप्त गर्छ ।

१४ औँ दलाई लामा र उनका समर्थकहरूले आफूहरू तिब्बतमा धार्मिक शासन पुन:स्थापना गर्नका लागि नभई तिब्बती जनताको सुखका लागि सङ्घर्ष गरिरहेको बताउँदै आएका छन् । तर यो दाबीमाथि प्रशस्त प्रश्न उठाउन सकिन्छ ।

उनीहरूले दशकौँअघि तिब्बतले भोगेको धार्मिक शासन व्यवस्थामा युगलाई फर्काउन सक्दैनन् - यो साँचो हो । तर, के उनीहरू साँच्चै तिब्बती जनताको भलाइका लागि सङ्घर्ष गरिरहेका हुन् त ? धार्मिक शासन स्थापना गर्ने लक्ष्य के उनीहरूले छोडेका हुन् त ? तर वास्तविकता नकारात्मकमात्रै देखिन्छ ।

विखण्डनवादीहरू अझै पनि धार्मिक शासन स्थापना गर्ने सपना साँचेर बसेको कुरा हालैका घटनाहरूले देखाएका छन् । सानो समूहको सुविधाका लागि धेरै जनताका स्वार्थलाई बलि चढाउने काम हो त्यो । दलाई लामा आफै पनि सधैँ आफ्ना राजनैतिक क्रियाकलापलाई धर्मको खोलले छोप्ने गर्छन् । धेरै अवस्थाहरूमा उनको लागि धर्म भनेको राजनैतिक उद्देश्य प्राप्तिको ज्यावलमात्र भएको छ ।

तिब्बतको विगतमा भएको धार्मिक शासनलाई स्थानीय जनताले निन्दा र विरोध गरेका थिए । अहिलेको आधुनिक चीनमा त्यसलाई पुन:स्थापित गर्नु असम्भव छ ।

राजनीति र धर्मको विभिन्न सम्बन्धहरूमध्येको एक - धर्मतन्त्र भनेको धार्मिक शक्ति र धर्म निरपेक्षताको संयोजन हो कतिपय अवस्थामा त यी दुवै शक्तिहरू एकै जना व्यक्तिमा निहित हुन्छ ।

अरु अवस्थामा भने यी दुइटा शक्ति शासक वर्गको दुई भिन्न-भिन्न समूहमा बाँडिएको हुन्छ । तिब्बतको इतिहासमा कुनै एक धार्मिक पन्थ वा गुम्बाले धर्ममा दुवै शक्ति प्रयोग गर्ने उदाहरण छ । जस्तै:- तिब्बती बौद्ध धर्ममा गेलुग पन्थ (Gelug sect) ले अरु पन्थहरूलाई शासन गर्ने गर्थ्यो । त्यस्तै गान्सु प्रान्त (Gansu Province) को गान्नान इलाका (Gannan) का अरु गुम्बाहरूलाई लाब्रान्ङ गुम्बा (Labrang Monastery) ले नियन्त्रण गर्थ्यो ।

धर्मतन्त्र वा धार्मिक सत्तामा यो दुवै शक्तिको सम्बन्ध राम्रो हन्छ । कुनै बेला धार्मिक शक्तिभन्दा नागरिक शक्ति बलियो हुन्छ त कहिले धार्मिक शक्ति बलियो । दुवै अवस्थामा एक-अर्काको फाइदाका लागि यी दुवै एकगठ हुने गर्छन् ।

कुनै विशेष खालको धर्मतन्त्रले भगवान्लाई मुख्य शासक मानेको हुन्छ र अरु धर्मलाई मान्यता दिँदैन भने अरु देशहरूमा विभिन्न धर्महरूलाई मान्यता दिइए पनि सत्तामा भने कुनै एक मुख्य धर्मको प्रभाव रहन्छ । यो अवस्थामा सरकारमा धार्मिक परम्पराहरूको केही अवशेषमात्र बाँकी रहन्छ ।

कुनै पनि सरकारले आफ्ना सम्पूर्ण जनताको भलाइका लागि काम गरेको खण्डमा मात्रै उसले साँचो अर्थमा धार्मिक स्वतन्त्रता दिनसक्छ र यही अवस्थामा मात्र धर्म अरु केही नभई विशुद्ध व्यक्तिगत आस्था र विश्वासको रूपमा रहने गर्छ ।

धेरै देशहरूमा विकास र सुखमा समान अधिकार पाउने कुरा अझै सपना नै भए पनि कुनै व्यक्ति वा समूहको सुखका लागि अरुको बलि दिन सकिन्न ।

दलाई लामा र उनका समर्थकहरूले ऐतिहासिक तथ्यहरूको विरोधमा निकै क्रियाकलापहरू गरेका छन् । तिब्बती इतिहासकै अँध्यारो र क्रूर व्यवस्था धर्मतन्त्र वा धार्मिक सत्तालाई उनीहरू पुन:स्थापना गर्न चाहन्छन् र मानव जीवनको मूल्यलाई बेवास्ता गर्दैछन् । उनीहरूले भड्काएको हिंसाले उनीहरूको साधारण जनताप्रतिको हेपाहा प्रवृत्तिमात्रै उजागर गर्दैन बरु ती कार्यहरू पश्चिमी विश्वले वकालत गर्ने गरेको आदर्श प्रजातन्त्र र स्वतन्त्रताको पनि विरोध कार्य हुन् । साथै हाम्रो देशमा रहेको व्यापक विकासको नीति र जनताको स्वतन्त्रताको पनि विरोधमा यी कार्यहरू भएका छन् ।

ल्हासामा १४ मार्चको दिन भड्काइएको हिंसा १४ औँ दलाई लामाको शान्ति आह्वानसँग बाझिएको छ ।

ती हिंसाका घटनाले मानव व्यवहारविरुद्ध धार्मिक सत्ता (धर्मतन्त्र) कसरी लाग्छ भनी प्रस्ट पारेको छ ।



**अमेरिकी राष्ट्रपति बुश उनका नयाँ मित्र हुन् । उनीहरू माथिबाट केही आशा गर्छन् ।**

साँच्चै आफूले दाबी गरेझैँ दलाई लामा तिब्बती जनताको हित चाहन्छन् भने तिब्बतमा बौद्ध धार्मिक सत्ता स्थापना गर्ने सपना उनले त्याग्नुपर्छ, विखण्डनवादी क्रियाकलाप रोक्नुपर्छ र तिब्बती जनताको जीवनस्तर उकास्न योगदान दिनुपर्छ । आफ्ना अनुयायीहरूप्रति एक धार्मिक व्यक्तित्वले गर्नुपर्ने कर्तव्य यिनै हुन् ।

इतिहास र वर्तमान यथार्थ दुवैले एउटै कुरा प्रमाणित गर्छ - तिब्बतमा धार्मिक सत्ताले नयाँ जरा गाड्ने आश गर्न सकिन्न ।

***Tibet: theocracy is a tool to ensure minority rule***–*Zhongbu, Cirenduojie and Lan Guahua Tibet Academy of Social Sciences–China daily/The New Worker, 9 May '08]*

**स्रोत: तिब्बत उपद्रव र यथार्थ**

# नेपाल–चीन मित्रता खलबल्याउने षड्यन्त्रलाई उदाङ्ग्याऔँ !

तिब्बती शरणार्थीहरूले 'स्वतन्त्र तिब्बत' को नाउँमा चिनियाँ दूतावासको अगाडि एक-डेढ महिनादेखि प्रदर्शन गर्दै नेपाल र चीनको सम्बन्ध खलबल्याउने जालसाजी गरिरहेका छन् । तर, ती शरणार्थीहरू न 'स्वतन्त्र तिब्बत' को उद्देश्य राख्छन् न त तिनीहरू 'स्वतन्त्र' नै छन् ।

दलाई लामाका ती समर्थकहरू तिब्बतका दास-मालिक र सामन्तहरू वा तिनीहरूका पिछलग्गूहरू हुन् । तिनीहरू संरा अमेरिकी साम्राज्यवाद र नाटो (NATO) युरोपेली साम्राज्यवादीहरूद्वारा पालित र पोषित हुन् । ती साम्राज्यवादीहरू दलाई लामा र तिब्बती दास-मालिक र सामन्तहरूलाई उक्साएर समाजवादी चीनको विरोधमा उपद्रव गराउने षड्यन्त्र गर्दै छन् । पश्चिमी साम्राज्यवादीहरू जसरी सोभियत सङ्घलाई र पूर्वी युरोपेली समाजवादी देशहरूमा बेला-मौकामा अनेक निहुँमा एकातिर उपद्रव गराउन चाहन्छन् र अर्कोतिर पैसाको खोलो बगाएर व्यापारीहरू, कूटनैतिक व्यक्तिहरू, गुप्तचरहरू वा पैसामा विकिने साधारण नागरिक होइनन्, हुल्याहाहरूलाई हातमा लिन्छन्; लोभ-लालच र डर-धम्की दिएर साधारण मानिसहरूको मन बिगार्छन्, एकले अर्को पदमा बसेका पदाधिकारीहरूमाझमा भ्रम फैलाई झगडा लगाउँछन् ।

त्यस्तै 'मन्त्रयुद्ध' र कुटिल राजनीतिले सोभियत सङ्घ र पूर्वी युरोपेली समाजवादी देशहरूमा समाजवादलाई पतन गराइयो, कम्युनिस्ट र मजदुर पार्टीहरूलाई भङ्ग गराइयो र देशलाई टुक्रा-टुक्रा पार्न दिइयो ।

त्यही सूत्र आज साम्राज्यवादीहरूले समाजवादी चीनको विरोधमा लागू गर्दै छन् । तिनीहरूले तिब्बत र छिग्च्याङजस्ता स्वायत्त प्रदेशहरूमा जातीय असन्तोष फैलाएर 'मानव अधिकार', 'प्रजातन्त्र', 'खुला नीति' र 'भूमण्डलीकरण' जस्ता मीठा-मीठा शब्द र उद्देश्यमार्फत नयाँ-नयाँ साम्राज्यवादी र उपनिवेशवादी जालहरू फैलाउँदै छन् ।

सोभियत सङ्घ र पूर्वी युरोपेली देशहरूमा अनेक गैरसरकारी संस्था (INGO) हरूले डलर र अनेक जालसाजी गरेर राजनैतिक, आर्थिक र सामाजिक बन्दोबस्त छिन्नभिन्न पारे । आज त्यही कुरा चीनमाथि लागू गर्दैछन् । तिनीहरू तिब्बतमा उपद्रव गराउँछन् र अन्य स्वायत्त प्रदेशहरूमा नयाँ-नयाँ षड्यन्त्र र उपद्रवको तानावाना बुन्दैछन् । त्यस्तै काठमाडौँ र अन्य देशका राजधानीहरूका चिनियाँ दूतावासहरू र संरा अमेरिकामा संयुक्त राष्ट्रसङ्घको कार्यालय तिब्बती शरणार्थीहरूको गतिविधिमा ध्यानाकर्षित गर्दै छन् ।

ती गतिविधिहरूका दुई उद्देश्य छन्, समाजवादी चीनको बदनाम गर्नु र चीन तथा संसारको ध्यान बाहिर आकर्षित गरेर चीनभित्र चीनविरोधी गतिविधिको सङ्गठन गराउनु । काठमाडौँमा २-३ महिना अगाडिदेखि नै 'स्वतन्त्र तिब्बत' को गञ्जी र टोपी बाँडेर साम्राज्यवादीहरूले तथाकथित नेपाल मानव अधिकारवादीहरूलाई समेत 'डलर' दिएर गतिविधि गराउँदै थिए । अब नेपाली जनताले साम्राज्यवादीहरूको नेपाल र चीनको सुमधुर सम्बन्धलाई विगार्ने षड्यन्त्रलाई उदाङ्ग्याउनु आवश्यक छ । त्यसको विरोध गर्न नेपाली जनतालाई सचेत पार्नु आवश्यक छ ।

*('श्रमिक' साप्ताहिक-सम्पादकीय/२०६५ जेठ ७ बाट)*

# "तिब्बतको उपद्रवमा अमेरिकी र बेलायती साम्राज्यवादको हात छ"

नेपाल मजदुर किसान पार्टीले तिब्बत चीनको अभिन्न अङ्ग र स्वशासित क्षेत्र हो, हालै तिब्बतमा दलाई लामाका समर्थकहरूले मच्चाएको उपद्रवलाई पश्चिमी सञ्चारसाधनहरूले 'तिब्बतमा विद्रोह' भनी झूटा प्रचार गरेको जनाएको छ ।

नेमकिपाले जेठ २ गते जारी गरेको विज्ञप्तिमा सो कुरा जनाइएको हो ।

विज्ञप्तिमा भनिएको छ, 'यो उपद्रवमा अमेरिकी र बेलायती साम्राज्यवादीहरूको हात रहेको प्रस्ट छ ।'

'दलाई लामा तिब्बती जनता र प्रजातन्त्रको लागि सक्रिय भएको होइन बरु अमेरिकी गुप्तचर विभागद्वारा नियोजित चीनविरोधी गतिविधिमा लागेका हुन्' विज्ञप्तिमा उल्लेख गरिएको छ ।

विज्ञप्तिमा भनिएको छ, 'सन् १९४९ को चिनियाँ क्रान्तिपछि समाजवादी व्यवस्थाले गरेको भू-दास मुक्ति र सामन्तवादविरोधी नीतिको कारण पश्चिमी साम्राज्यवादीहरूले दास-मालिकहरूलाई उक्साएर हैकम जमाउन तिब्बतमा उपद्रव गराएको नेपाल मजदुर किसान पार्टीको ठहर छ ।'

नेमकिपाले 'तिब्बतको स्वतन्त्र' आन्दोलनको नाममा अमेरिकी, बेलायती र अन्य साम्राज्यवादीहरूले भारतमा निर्वासित दलाई लामालाई उक्साएर चीनको सार्वभौमिकतामाथि गरेको हस्तक्षेपकारी कार्य तत्काल रोक्न आह्वान गरेको छ ।



प्रजातान्त्रिक जनगणतन्त्र कोरियाको राजधानी प्योङयाङमा कोरियाको ८१ औं राष्ट्रिय मुक्ति दिवसको अवसरमा आयोजित सामूहिक नाचगानमा रमाउँदै कोरियाली जनता अगस्ट १५, २०२६ को साँझ । *तसिबर : केसिएनए*

# इन्डोनेसिया भूकम्पमा खोजी तथा उद्धार जारी

लाबुआन बाजो, १६ अगस्ट (एपी) । इन्डोनेसियाको पूर्वी क्षेत्रमा शक्तिशाली भूकम्प गएको भोलिपल्ट आइतबार उद्धारकर्ताहरूले भग्नावशेष र पहिरोमा पुरिएका मानिसको खोजी तीव्र बनाएका छन् ।

भूकम्पमा परी कम्तीमा ४७ जनाको मृत्यु भएको छ भने १०० भन्दा बढी घाइते भएका छन् । हजारौं मानिस विस्थापित भएका छन् ।

राष्ट्रिय विपद् व्यवस्थापन निकायका अनुसार मङ्गराई क्षेत्रमा २४ र पूर्वी मङ्गराईमा १७ जनाको मृत्यु भएको छ । सिक्का, न्गाडा र एन्डे क्षेत्रमा पनि मानवीय क्षति भएको जनाइएको छ ।

फ्लोरेस टापुका छ क्षेत्रमा भूकम्पपछि गएको पहिरोमा मानिस पुरिएको आशङ्कामा उद्धारकर्ताले खोजी गरिरहेका छन् ।

अमेरिकी भूगर्भ सर्वेक्षण (युएसजीएस) का अनुसार सात दशमलव सात म्याग्निच्युडको भूकम्प पूर्वी नुसा तेङ्गारा प्रान्तको एन्डेबाट उत्तर-उत्तरपश्चिमतर्फ ६८ किलोमिटर टाढा केन्द्रबिन्दु भएर गएको थियो । भूकम्पको केन्द्र समुद्रको सतहबाट करिब १० किलोमिटर गहिराइमा रहेको थियो ।

भूकम्पले फ्लोरेस टापुको अधिकांश भाग हल्लाएको थियो । यसको धक्का छिमेकी पश्चिमी नुसा तेङ्गारा र दक्षिणी सुलावेसीका केही क्षेत्रमा पनि महसुस गरिएको थियो ।

विपद् व्यवस्थापन निकायका अनुसार भूकम्पबाट ९०० भन्दा बढी घर ध्वस्त भएका छन् भने करिब ४५० घरमा क्षति पुगेको छ । करिब पाँच हजार मानिस अस्थायी आश्रयस्थलमा बस्न बाध्य भएका छन् ।

शक्तिशाली परकम्पको डरले अन्य हजारौं बासिन्दाले रात खुला आकाशमुनि बिताएका छन् । विद्यालय, स्वास्थ्य केन्द्र र चर्चलगायत कम्तीमा १६७ सार्वजनिक संरचनामा क्षति पुगेको छ ।

राहतकर्मीले चामल, तयारी खाना, खानेपानी, कम्बल र औषधि वितरण सुरु गरेका छन् । विस्थापितका लागि आपत्कालीन आश्रयस्थल निर्माण भइरहेको छ ।

अधिकारीहरूले विद्युत् तथा सञ्चार सेवा पुन:स्थापना गर्नु र पहिरोका कारण सम्पर्क विच्छेद भएका दुर्गम गाउँमा राहत पुऱ्याउनु मुख्य चुनौती रहेको बताएका छन् ।

भूकम्पबाट कोमोडो राष्ट्रिय निकुञ्जको प्रवेशद्वारका रूपमा परिचित लाबुआन बाजो पनि प्रभावित भएको छ । पहिरोका कारण फ्लोरेसका विभिन्न बस्ती जोड्ने करिब ७०० किलोमिटर लामो ट्रान्स-फ्लोरेस राजमार्गका केही खण्ड अवरुद्ध भएका छन् ।

धेरै बासिन्दाले क्षतिग्रस्त घरमा फर्किनुभन्दा बाहिरै रात बिताएका छन् । लाबुआन बाजोकी किसान अनास्तासिया इमादले भूकम्पको कम्पन निकै तीव्र र डरलाग्दो भएको बताउनुभयो । "हामीलाई परकम्पका कारण घर भत्किएर आफूहरूमाथि खस्ने डर थियो," उहाँले क्षतिग्रस्त घरनजिकैको अस्थायी आश्रयबाट बताउनुभयो ।

पहुँच कठिन भएका मङ्गराई, पूर्वी मङ्गराई र नागेकेओलगायत क्षेत्रमा उद्धार टोलीले आइतबार खोजी कार्य पुन: सुरु गरेका छन् ।

मौमेरेस्थित खोज तथा उद्धार कार्यालयका प्रमुख फतुर रहमानका अनुसार अधिकांश पहिरो हटाएर केही पृथक गाउँमा सडक सम्पर्क पुन: स्थापित गरिएको छ । तर, सञ्चार र विद्युत् सेवा अवरुद्ध हुँदा खोजी तथा उद्धार कार्य प्रभावित भएको छ ।

उहाँका अनुसार उद्धारकर्ताले भत्किएका घर तथा अन्य संरचनाको भग्नावशेषमा सम्भावित पीडितको खोजी गरिरहेका छन् ।

**भूकम्पको उच्च जोखिममा इन्डोनेसिया**

सत्र हजारभन्दा बढी टापु रहेको इन्डोनेसिया प्रशान्त महासागरको 'रिङ अफ फायर' क्षेत्रमा पर्छ । यस क्षेत्रमा सक्रिय ज्वालामुखी र फल्ट लाइनहरू रहेकाले मुलुक भूकम्प तथा ज्वालामुखी गतिविधिको उच्च जोखिममा रहेको छ ।

सन् १९९२ मा फ्लोरेस क्षेत्रमा गएको शक्तिशाली भूकम्पपछि आएको सुनामीमा करिब दुई हजार ५०० जनाको मृत्यु भएको थियो ।

सन् २०१८ मा सात दशमलव पाँच म्याग्निच्युडको भूकम्पपछि आएको सुनामी र त्यसबाट भएको भू-तरलीकरणका कारण पालु सहरमा ठूलो विनाश भएको थियो । उक्त विपद्मा चार हजार ४०० भन्दा बढी मानिसको मृत्यु भएको थियो ।

सन् २००४ को डिसेम्बरमा इन्डोनेसियाको सुमात्रा टापु नजिकै गएको नौ दशमलव एक म्याग्निच्युडको भूकम्पपछि आएको विनाशकारी सुनामीले हिन्द महासागर क्षेत्रका एक दर्जनभन्दा बढी देशमा करिब दुई लाख ३० हजार जनाको ज्यान लिएको थियो ।

## विश्व सङ्क्षेप

### रुससँगको सम्बन्धको भविष्यप्रति किम जोङ उन आशावादी

प्योङयाङ, १६ अगस्ट (सिन्ह्वा) । प्रजग कोरियाका सर्वोच्च नेता किम जोङ उनले रुससँगको सम्बन्धको भविष्यप्रति आफू आशावादी रहेको बताउनुभएको छ । दुई देशबिचको सम्बन्ध अझ सुदृढ हुने अपेक्षा गर्न पाउनुमा आफूलाई गर्व लागेको उहाँले बताउनुभएको हो ।

आधिकारिक कोरियाली केन्द्रीय समाचार संस्था (केसीएनए) का अनुसार, कोरियाली 'मुक्ति दिवस' को ८१ औं वार्षिकोत्सवका अवसरमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले पठाएको शुभकामना सन्देशको जवाफ दिँदै किमले शनिबार यस्तो धारणा व्यक्त गर्नुभएको हो ।

किमले पुटिनको नेतृत्वमा रुसी सेना र जनताले आफ्नो सार्वभौमिकता, सुरक्षा हित तथा क्षेत्रीय अखण्डताको रक्षा गर्दै शक्तिशाली रुस निर्माणको लक्ष्य पूरा गर्ने विश्वास व्यक्त गर्नुभएको छ । उहाँले रुसी राष्ट्रपतिको कार्यकालमा थप सफलताको कामनासमेत गर्नुभयो ।

प्रजग कोरियाले सन् १९४५ अगस्त १५ मा जापानी औपनिवेशिक शासनबाट कोरियाली प्राय:द्वीप मुक्त भएको दिनको सम्झनामा हरेक वर्ष अगस्त १५ लाई 'मुक्ति दिवस' का रूपमा मनाउँदै आएको छ ।

### भारी वर्षाले पूर्वी जापानमा जनजीवन प्रभावित, नौ जनाको मृत्यु

टोकियो, १६ अगस्ट (एएफपी) । पूर्वी जापानमा परेको भारी वर्षाका कारण नौ जनाको मृत्यु भएको सार्वजनिक प्रसारक एनएचकेले आइतबार जनाएको छ ।

अभूतपूर्व वर्षाले एक हजारभन्दा बढी घर डुबानमा परेका छन् भने सडक तथा रेल सेवा प्रभावित भएका छन् । बिहीबार रातिदेखि सुरु भएको मुसलधारे वर्षाले पहिरोको जोखिम बढाउनुका साथै विद्युत् आपूर्ति अवरुद्ध भएको थियो । मौसमविद्हरूले पहिलोपटक चिबा प्रिफेक्चरका लागि उच्च तहको भारी वर्षाको चेतावनी जारी गरेका थिए ।

चिबाको एक मौसम मापन केन्द्रले २४ घण्टामा ३० सेन्टिमिटर अर्थात् करिब १२ इन्च वर्षा मापन गरेको थियो । यो विगत ६० वर्षयताकै अगस्ट महिनाको सबैभन्दा ठूलो वर्षा भएको जनाइएको छ ।

भूमि मन्त्रालयका अनुसार शुक्रबार बिहानसम्म चिबा सहरमा सामान्यतया पूरै अगस्त महिनामा पर्ने औसत वर्षाभन्दा तीन गुणा बढी वर्षा भइसकेको थियो ।

एनएचकेका अनुसार वर्षाका कारण आइतबार बिहानसम्म नौ जनाको मृत्यु भएको छ । शनिबार साँझसम्म चिबाको विपद् व्यवस्थापन कार्यालयले आठ जनाको मृत्यु भएको पुष्टि गरेको थियो । मृतकमध्ये केही डुबानमा परेका सवारीसाधनभित्र फेला परेका थिए भने केही डुबानग्रस्त सडकमा मृत अवस्थामा भेटिएका थिए ।

चिबा प्रिफेक्चरको पछिल्लो विवरणअनुसार ७० भन्दा बढी घरमा आंशिक क्षति पुगेको छ । एक हजारभन्दा बढी घर डुबानमा परेका छन् । तीमध्ये करिब ६०० घरको भुइँको सतहभन्दा माथिसम्म पानी पसेको छ ।

स्थानीय सञ्चारमाध्यमका अनुसार करिब एक हजार २०० सवारीसाधन सडकमा अलपत्र परेका छन् । अधिकारीहरूले ती सवारीसाधन टो तथा ज्याकको प्रयोग गरी हटाउने काम गरिरहेका छन् ।

जापानको मौसम विज्ञान विभागका एक अधिकारीले बिहीबार पत्रकार सम्मेलनमा चिबामा 'अभूतपूर्व स्तरको भारी वर्षा' हुने चेतावनी दिएका थिए ।

वैज्ञानिकहरूका अनुसार मानवीय गतिविधिका कारण भइरहेको जलवायु परिवर्तनले चरम मौसमी घटनालाई अझ बारम्बार, लामो समयसम्म र तीव्र बनाउँदै लगेको छ ।

# चिनियाँ कन्टेनर जहाज आर्कटिक हुँदै युरोपतर्फ, ढुवानी समय आधा घट्ने

पेइचिङ, १६ अगस्ट (एएफपी) । चिनियाँ कन्टेनर जहाज आर्कटिक हुँदै युरोपतर्फ प्रस्थान गरेको छ । नयाँ साप्ताहिक सेवाअन्तर्गत सञ्चालन हुने उक्त मार्गले चीन-युरोप समुद्री ढुवानीको समय करिब आधा घटाउने अपेक्षा गरिएको छ । यद्यपि, वातावरणीय समूहहरूले आर्कटिक समुद्री बरफमा यसबाट थप दबाब पर्न सक्ने चेतावनी दिएका छन् ।

'दुबई टावर' नामक जहाज शनिबार साँझ चीनको पूर्वी बन्दरगाह सहर निङ्बोबाट उत्तरी दिशातर्फ प्रस्थान गरेको हो । जहाज बेरिङ जलमार्ग हुँदै रुसको उत्तरी तटसँगैको आर्कटिक जलमार्गबाट पश्चिमतर्फ जानेछ ।

'सी लेजेन्ड' ले सार्वजनिक गरेको समय तालिकाअनुसार जहाज सेप्टेम्बर ७ मा बेलायतको फेलिक्सस्टो पुग्नेछ । त्यसपछि जर्मनीको ह्याम्बर्ग र पोल्याण्डको दान्स्कमा रोकिनेछ ।

चीनबाट युरोप जोड्ने उत्तरी समुद्री मार्ग (एनएसआर) स्वेज नहर हुँदै जाने परम्परागत मार्गभन्दा छोटो छ । यसले लालसागर हुँदै जानुपर्ने बाध्यता हटाउँछ, जहाँ यमनका हुथी विद्रोहीले पछिल्ला वर्षहरूमा व्यापारिक पानीजहाजलाई लक्षित गर्दै आएका छन् । तर, आर्कटिक मार्ग वर्षको सीमित अवधिमा मात्र आइसब्रेकरको सहयोगबिना सञ्चालन गर्न सकिन्छ, जब समुद्री बरफ पर्याप्त रूपमा पग्लिएको हुन्छ ।

अन्य अन्तर्राष्ट्रिय ढुवानी कम्पनीहरूले पनि यसअघि आर्कटिक मार्ग प्रयोग गरिसकेका छन् । डेनमार्कको मार्स्क सन् २०१८ मा कन्टेनर जहाजमार्फत उक्त मार्ग पार गर्ने पहिलो प्रमुख ढुवानी कम्पनी बनेको थियो ।

व्यापारिक बीमाकर्ता एलियान्ज कमर्सियलको ढुवानीसम्बन्धी विश्लेषणअनुसार, गत वर्ष २३ वटा कन्टेनर जहाजले उत्तरी समुद्री मार्ग प्रयोग गरेका थिए, जुन सन् २०२४ मा १५ वटा थियो । वातावरणीय समूहहरूले भने छोटो उत्तरी समुद्री मार्गमा जहाजको आवागमन बढ्दा आर्कटिक समुद्री बरफको क्षति थप तीव्र हुन सक्ने चेतावनी दिएका छन् । विश्वव्यापी तापक्रम वृद्धिका कारण यस क्षेत्रको बरफ यसअघि नै तीव्र रूपमा घटिरहेको छ ।




फ्रान्सको सीएमए सीजीएम, स्विट्जरल्यान्डमा मुख्यालय रहेको एमएससी र जर्मनीको हापाग-लोयडलगायत प्रमुख ढुवानी कम्पनीहरूले आर्कटिक ट्रान्सिपमेन्ट मार्ग प्रयोग नगर्ने प्रतिबद्धता जनाएका छन् ।

विश्लेषकहरूले आर्कटिकलाई भविष्यमा महत्वपूर्ण विश्व व्यापार मार्गका रूपमा विकास गर्न सकिने बताएका छन् । चीनले पनि 'पोलर सिल्क रोड' अवधारणामार्फत आर्कटिक क्षेत्रमा आफ्नो व्यापारिक पहुँच विस्तार गर्ने योजना अघि सारेको छ ।

# मनसुनसँगै बर्सेनि दोहोरिने चट्याङको त्रास

✍ सङ्गीता राई

गत असार १३ गते मध्यरात मुसलधारे पानी परिरहेको थियो । इलामको सुन्दर गाउँ रोङ गाउँपालिका-६, सलकपुरका ८८ वर्षीय कालुवीर मोक्तानको चट्याङ लागेर मृत्यु भयो । जीवनको लामो यात्रा पार गरिसकेका मोक्तानका लागि त्यो रातको चट्याङ 'काल' बनेर आयो । राति मुसलधारे पानी परिरहेको समय काठको बेरा र टिनको छानो भएको आफ्नो दुईतले घरको बरन्डामा बसिरहेका मोक्तान रातको करिब १:०० बजे अचानक आकाश थर्किँदो वर्षासँगै आकाशबाट खसेको त्यही चट्याङको चपेटामा परेर घटनास्थलमै उहाँको मृत्यु भयो ।

त्यसैगरी, गत असार १४ गते सङ्खुवासभाको मकालु गाउँपालिका-१, चिर्खाङमा चट्याङ लागेर ३९ वर्षीया कुमारी राईको पनि मृत्यु भयो । ठूलो वर्षा र हावाहुरी चलिरहेका बेला घरमा रहेको मिटर बक्स बन्द गर्ने क्रममा चट्याङ लागेर उहाँ गम्भीर घाइते हुनुभएको थियो । उपचारका लागि प्राथमिक स्वास्थ्य केन्द्र नुमतर्फ लैजाँदै गर्दा बाटोमै उहाँको मृत्यु भयो ।

यी घटनाहरू केही उदाहरण मात्र हुन् । जब नेपालमा वर्षायाम सुरु भएसँगै आकाशमा काला बादल मडारिन थाल्छ, सहरबजारभन्दा गाउँघरमा चट्याङको डर र त्रास पैदा हुन थाल्छ । बाढी र पहिरोजस्ता आँखाले देखिने विपद्को चर्चा धेरै भए पनि कुनै पूर्वसङ्केतबिना आकाशबाट खस्ने चट्याङले हरेक वर्ष दर्जनौँको ज्यान लिने गरेको छ भने करोडौँ धनजनको क्षति हुने गर्दछ ।

नेपालमा बाढी, पहिरो र भूकम्पजस्ता प्राकृतिक विपद्को चर्चा सधैँ अग्रपङ्क्तिमा हुन्छ तर तथ्याङ्क पल्टाएर हेर्ने हो भने यी ठूला र दृश्य विपद्भन्दा शान्त र अदृश्य रूपमा आउने 'चट्याङ' नेपालका लागि उत्तिकै घातक बन्दै गएको देखिन्छ । वर्षा सुरु हुनासाथ आकाशमा चम्किने बिजुली र त्यससँगै आउने गर्जन धेरैका लागि सामान्य प्राकृतिक घटना हुन् तर यही प्राकृतिक घटना केही सेकेन्डमै ज्यान लिने 'अदृश्य काल' बन्ने गरेको छ । विशेषगरी मनसुनको समयमा कोशी प्रदेशका पहाडी तथा तराई जिल्लामा चट्याङका घटना बढ्ने गरेका छन् ।

कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरको पछिल्लो पाँच वर्षको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७८/७९ देखि चालु आवमा २०८२/८३ को असार सम्ममा चट्याङका कारण प्रदेशमा ६६ नागरिकले ज्यान गुमाइसकेका छन् भने २१८ जना घाइते भएका छन् । मृत्यु हुनेमध्ये ४४ पुरुष र २२ महिला रहेका छन् । घाइतेमध्ये ११५ पुरुष र १०३ महिला छन् । पुरुषहरू बाहिरी काममा बढी संलग्न रहने भएकाले महिलाको तुलनामा पुरुष बढी चट्याङको जोखिममा पर्ने गरेको प्रदेश प्रहरी कार्यालयका प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक योगेन्द्रसिंह थापाले बताउनुभयो । कार्यालयका अनुसार आव २०७८/७९ मा १५ जनाको मृत्यु भएको छ । आव २०७९/८० मा १२ जना, आव २०८०/८१ मा १२ जना, आव २०८१/८२ मा १८ जना तथा चालु आव २०८२/८३ को असार २५ गतेसम्म नौ जनाको चट्याङका कारण मृत्यु भएको छ ।

कोशी प्रदेशमा पछिल्लो पाँच आर्थिक वर्षको तथ्याङ्कअनुसार चट्याङका घटनाबाट घाइतेको विवरण हेर्दा सबैभन्दा बढी ओखलढुङ्गामा पाँच वर्षको अवधिमा ४३ जना घाइते भएका छन् । त्यसैगरी, भोजपुरमा ४० जना, उदयपुरमा ३३ जना, खोटाङमा २७ जना र ताप्लेजुङमा १९ जना घाइते भएका छन् । त्यस्तै, झापा र सुनसरीमा १३/१३ जना, धनकुटामा नौ जना, पाँचथर र मोरङमा आठ/आठ जना तथा सोलुखुम्बुमा छ जना घाइते भएका छन् । इलाम, तेह्रथुम र सङ्खुवासभामा भने उक्त अवधिमा चट्याङबाट घाइते भएको विवरण शून्य रहेको तथ्याङ्कमा उल्लेख छ । पाँच वर्षको अवधिमा कोशी प्रदेशमा २१८ जना घाइते भएका छन् । चट्याङले विशेषगरी पहाडी जिल्लामा बढी प्रभाव पारिरहेको छ ।

मानिस मात्र होइन, चट्याङले पशुधन र भौतिक संरचनामा पनि ठूलो क्षति पुर्याउने गरेको छ । कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रवक्ता थापाका अनुसार पाँच वर्षको अवधिमा चट्याङका कारण एक हजार ३२ वटा पशुचौपाया मरेका छन् भने चट्याङका कारण लागेको आगलागीबाट प्रदेशका १७० वटा घर तथा गोठ जलेर नष्ट हुँदा रु. तीन करोड ७२ लाख ६५ हजार ३५० बराबरको क्षति भएको छ ।

नेपालमा वर्षायाम सुरु हुनासाथ रेडियो, पत्रपत्रिका, अनलाइनदेखि टेलिभिजनसम्म बाढी र पहिरोकै चर्चा र बहस बढी सुनिन्छ तर आफ्नै घरभित्र सुरक्षित बसिरहेका सर्वसाधारणले चट्याङका कारण बर्सेनि ज्यान गुमाउनु परिरहेको तीतो यथार्थ ओझेलमा पर्ने गरेको छ । सहरको तुलनामा ग्रामीण बस्तीहरू चट्याङको उच्च जोखिम हुने गरेको छ । गाउँघरमा प्रायः घरहरू काठ र टिनले बनेका हुन्छन्, जहाँ चट्याङबाट बच्ने 'अर्थिङ' (सुरक्षा प्रविधि) जडान गरिएको हुँदैन । पहाडी भेगका स्थानीय बासिन्दामा यसबारे न त पर्याप्त सचेतना नै छ । यस्तो अवस्थामा आकाशबाट खस्ने बिजुलीको एउटै झट्काले परिवारको ओत लाग्ने ठाउँ मात्र उजाड बनाउँदैन, घरका सदस्य नै सधैँका लागि खोसेर लैजान्छ ।

जल तथा मौसम विज्ञान विभागकी वरिष्ठ विभागीय मौसमविद् विभूति पोखरेलले पछिल्ला केही वर्षयता मौसममा देखिएको अस्थिरता र जलवायु परिवर्तनको प्रभावका कारण मेघगर्जनसहित चट्याङका घटना बढ्दो क्रममा देखिएको बताउनुभयो । "मनसुन तथा प्रि-मनसुन अवधिमा मौसममा अचानक परिवर्तन भई मेघगर्जन, हावाहुरी र वर्षासँगै चट्याङ पर्ने सम्भावना उच्च रहने भएकाले विशेष सतर्कता आवश्यक हुन्छ ।", उहाँले भन्नुभयो ।

चट्याङ प्रायः खुला स्थानमा रहेका मानिसलाई बढी प्रभावित गर्छ । खेतबारीमा कृषि कार्य गरिरहेका किसान, पशुचौपाया चराइरहेका गोठाला, जङ्गलमा घाँस दाउरा सङ्कलन गर्न गएका स्थानीय तथा खुला चौर, डाँडाकाँडा वा नदीकिनारमा रहेका व्यक्तिहरू बढी जोखिममा पर्ने गरेको उहाँको भनाइ छ । ग्रामीण क्षेत्रमा जीविकोपार्जनका अधिकांश काम खुला वातावरणमै हुने भएकाले चट्याङबाट हुने मानवीय क्षति पनि पहाडी भेगका ग्रामीण क्षेत्रहरूमा तुलनात्मक रूपमा बढी देखिने गरेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "मौसम खराब हुने सङ्केत देखिनासाथ खुला स्थानबाट सुरक्षित आश्रयमा जानुपर्छ, अग्ला रुखमुनि बस्न हुन्न, बिजुलीका पोल, टेलिफोनका तार, ट्रान्सफर्मर तथा अन्य धातुजन्य संरचनाबाट टाढा रहन सके चट्याङको जोखिम कम हुन्छ ।" सकेसम्म पक्की भवनभित्र बस्ने, झ्याल-ढोका बन्द गर्ने, विद्युतीय उपकरणको अनावश्यक प्रयोग नगर्ने तथा मौसमसम्बन्धी सूचना र पूर्वानुमान नियमित रूपमा पछ्याउने बानी बसाल्नुपर्ने उहाँको सुझाव छ ।

चट्याङबाट हुने क्षति न्यूनीकरणका लागि व्यक्तिगत सावधानी मात्र पर्याप्त भने हुँदैन । विद्यालय, स्थानीय तह, समुदाय तथा सरोकारवाला निकायले नियमित रूपमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु, चट्याङबाट बच्ने उपायबारे नागरिकलाई जानकारी गराउनु तथा मौसमसम्बन्धी पूर्वसूचना प्रभावकारी रूपमा स्थानीयस्तरसम्म पुऱ्याउनसके मानवीय तथा भौतिक क्षति घटाउन सकिने मौसमविद् पोखरेलको भनाइ छ ।

**अभिलेख राख्न 'लाइटनिङ डिटेक्सन नेटवर्क' आवश्यक**

चट्याङ कहाँ, कहिले, कति पटक र कति तीव्रतासहित परेको थियो भन्ने वैज्ञानिक अभिलेख राख्न 'लाइटनिङ डिटेक्सन नेटवर्क' अपरिहार्य मानिन्छ । कोशी प्रदेशमा यस्तो प्रणाली प्रभावकारी रूपमा सञ्चालनमा नहुँदा चट्याङका घटनाको विस्तृत र वैज्ञानिक अभिलेख राख्न चुनौती रहेको छ । जल तथा मौसम विज्ञान कार्यालय धरानका सूचना अधिकारी रूपक थापाका अनुसार प्रदेशभर चट्याङको स्थान, समय, आवृत्ति र तीव्रता मापन गरी अभिलेख राख्ने प्रणाली हाल सञ्चालनमा छैन । उहाँका अनुसार कोशी प्रदेशमा अहिले विराटनगर विमानस्थलमा रहेको 'लाइटनिङ डिटेक्टर' बाट मात्रै सीमित रूपमा विवरण प्राप्त हुने गरेको छ । विमानस्थलको हवाई सेवा सञ्चालनसँग सम्बन्धित प्रयोजनका लागि जडान गरिएको उक्त उपकरणले विमानस्थल सञ्चालन अवधिमा मात्र रेकर्ड गर्ने भएकाले प्रदेशभरका चट्याङका घटनाको समग्र विवरण सङ्कलन गर्न पर्याप्त नरहेको उहाँको भनाइ छ ।

लाइटनिङ डिटेक्टर उपकरण धरानमा पनि छ तर धरानमा रहेको लाइटनिङ डिटेक्टर उपकरण केही वर्षअघिसम्म सञ्चालनमा रहे पनि अहिले बिग्रेको अवस्थामा रहेको छ । आवश्यक मर्मत तथा स्तरोन्नति हुन नसक्दा उपकरण पुनः सञ्चालनमा आउन सकेको छैन । थापा भन्नुहुन्छ, "धरान कार्यालयमा रहेको लाइटनिङ डिटेक्टर लामो समयदेखि बिग्रिएको कारण अहिले कोशी प्रदेशमा विराटनगर विमानस्थलबाहेक अन्यत्र चट्याङ मापन गर्ने प्रभावकारी प्रणाली छैन ।"

कोशी प्रदेशमा चट्याङका अधिकांश घटना प्रि-मनसुन र मनसुन अवधिमा हुने गरेका छन् । तर, प्रदेशका कुन क्षेत्रमा, कुन समयमा, कति पटक र कति तीव्रतासहित चट्याङ पऱ्यो भन्ने तथ्याङ्क नियमित रूपमा सङ्कलन गर्ने प्रणाली नहुँदा वैज्ञानिक अध्ययन तथा जोखिम विश्लेषण गर्न कठिनाइ भइरहेको छ । दैनिक, मासिक वा वार्षिक रूपमा चट्याङको अभिलेख राख्ने व्यवस्था छैन । कुन जिल्ला बढी प्रभावित भयो, जोखिमको प्रवृत्ति कस्तो छ भन्ने विषयमा विस्तृत विश्लेषण गर्न पनि कठिन हुने गरेको उहाँले बताउनुभयो ।

थापाका अनुसार चट्याङको वैज्ञानिक अभिलेखले जोखिमयुक्त क्षेत्र पहिचान, पूर्वसूचना प्रणालीको विकास, विपद् व्यवस्थापन योजना निर्माण तथा जनधनको क्षति न्यूनीकरणका लागि महत्त्वपूर्ण आधार प्रदान गर्छ । त्यसैले प्रदेशका विभिन्न जिल्लामा लाइटनिङ डिटेक्सन नेटवर्क विस्तार गरी त्यसलाई नियमित सञ्चालनमा ल्याउन सके चट्याङसम्बन्धी तथ्याङ्क सङ्कलन, अनुसन्धान तथा पूर्वतयारीका काम अझ प्रभावकारी हुने उहाँको भनाइ छ ।

# नगर अस्पतालमै शल्यक्रियाबाट प्रसूति सेवापछि सेवाग्राही आकर्षित

सर्लाही, ३१ साउन । शल्यक्रिया सुविधासहितको प्रसूति सेवाले सर्लाहीको बरहथवा नगर अस्पतालमा बिरामीको चाप बढेको छ । स्थानीयस्तरमै विशेषज्ञ चिकित्सकसहित सेवा सुरु भएसँगै अस्पताल पुगेर सुत्केरी गराउनेको सङ्ख्यामा वृद्धि भएको हो ।

सङ्घीय सरकारको एक नगरपालिका एक सुविधासम्पन्न अस्पतालको योजनाअनुसार बरहथवा नगर अस्पताल भवन निर्माण भएको हो । उक्त अस्पतालमा नगरपालिकाले आवश्यक उपकरण र विशेषज्ञ चिकित्सकसहितको सेवा प्रारम्भ गरेको छ । आफ्नै गाउँठाउँमा यतिको सुविधा पाउँदा खुसी लागेको बरहथवा नगरपालिका-३ हजरियाका जितेन्द्र सहनीले बताउनुभयो । श्रीमतीको बर्थिङका लागि नगर अस्पताल पुगनुभएका उहाँले विगतमा यही सेवाका लागि वीरगन्ज तथा जनकपुरका महँगो अस्पताल धाउनुपरेको अनुभव सुनाउनुभयो ।

"पहिला स्थानीय स्वास्थ्य संस्था भद्रगोल थियो", उहाँले भन्नुभयो, "सामान्य ज्वरो रुघाखोकीको औषधि पाउन मुस्किल थियो, अहिले धेरै परिवर्तन भएको छ ।"

राज्यले ठूलो लगानी गरेर सञ्चालन गरेको सरकारी स्वामित्वका स्वास्थ्य संस्था अस्तव्यस्त हुने गरेका स्थानीय मनोज पण्डितले बताउनुभयो । "विपन्न नागरिकले ऋण गरेर निजी क्लिनिकबाट महँगो सेवा लिनुपर्ने बाध्यता विगतमा व्याप्त थियो, अहिले नागरिक सचेत भएका छन् । तीनै तहका सरकार थोरै भए पनि नागरिकप्रति जिम्मेवार भएको महसुस गरेको छु", उहाँले भन्नुभयो ।

पण्डित छोरीलाई निकै दिनदेखि लगातार ज्वरो आएपछि परीक्षणका लागि नगर अस्पताल आइपुग्नुभएको थियो । 'कोर' मधेसका पायक स्थानमा रहेको यहाँ विगतमा सामान्य बर्थिङ सेन्टरमात्र सञ्चालनमा थियो । सुत्केरीका लागि आउने बिरामीलाई असामान्य अवस्था हुनेबित्तिकै अन्यत्र रेफर गरिदिने गरिन्थ्यो । यसले गर्दा बिरामीका आफन्त ठूलो खर्चको चपेटामा पर्ने गर्थे ।

खर्च अभावमा गर्भवतीको ज्यान दाउमा राखेर घरै लगेरसमेत सुत्केरी गराउने गरेका बाग्मती नगरपालिका-८ शङ्करपुरकी सङ्गीता कुशवाहाले सुनाउनुभयो । गत माघबाट नगर अस्पतालले एकजना स्त्री, प्रसूति तथा निसन्तान रोग विशेषज्ञ चिकित्सक नियुक्ति गरेर गुणस्तरीय सेवा प्रवाह गरिरहेको हो । माघयताको तथ्याङ्क हेर्ने हो भने एक हजार २७३ जनाले प्रसूति सेवा लिइसकेका छन् । तीमध्ये ११९ जनालाई शल्यक्रिया (सिएस) विधिबाट सुत्केरी गराइएको छ ।

बाँकीको 'नर्मल डेलिभरी' भएको हो । नेपालले २०३० सम्म 'होमडेलिभरी' शून्यमा झार्ने लक्ष्य राखेको छ भने मातृ र शिशु मृत्युदरसमेत नगन्य बनाउने योजनासहित स्वास्थ्य कार्यक्रम बनाएको छ । तर यसको कार्यान्वयनमा चुनौती रहेको चिकित्सकहरू बताउनुहुन्छ । अझै धेरै ठाउँमा प्रसूति अवस्थालाई सामान्य मान्ने र लापरवाही गर्ने प्रचलन छ । अर्कातर्फ यस सेवामा बिरामीको पहुँच अझै सहज हुन नसकेको डा. लिमुकुमारी साहले स्वीकार गर्नुभयो ।

आफूहरूले सेवा लिन आउने बिरामीलाई जतिसक्दो सहज र सरल रूपमा सेवा प्रवाह गरिरहेको उहाँको भनाइ छ । यस अस्पतालबाट शल्यक्रियासहितको सुविधा निःशुल्क वितरण भएपछि बिरामीको विश्वास र चाप बढ्दै गएको उहाँले बताउनुभयो । अत्य आवश्यक अवस्थाबाहेक रेफर नहुने यहीँबाट सेवा पाइने भएकाले पनि बिरामीका आफन्तसमेत अस्पताल र सेवाप्रति सकारात्मक पाइएको उहाँले सुनाउनुभयो ।

सामान्य स्वास्थ्यचौकी र स्वास्थ्यकर्मीका भरोसामा रहेका 'बर्थिङ सेन्टर' बाहेक अन्य भरपर्दो अस्पताल यस क्षेत्रमा छैन । यहाँ बरहथवासहित बाग्मती, बसबरिया, धन्कौल, रामनगर, बलरा, गोडैता, हरिपुर, चक्रघट्टलगायत स्थानबाट पनि प्रसूति सेवा लिने बिरामी आइपुग्ने गरेका अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. सरोजरोशन दासले बताउनुभयो । अस्पतालले दिने निःशुल्क प्रसूति सेवा तथा औषधोपचारका कारण सेवाग्राहीको चाप बढेको उहाँ बताउनुहुन्छ ।

मधेस प्रदेश सरकारको तर्फबाट प्राप्त जनस्वास्थ्य प्रयोगशालाबाट सहुलियतपूर्ण ल्याब परीक्षण सेवा प्रवाह भएकाले पनि नागरिकको आकर्षण बढेको उनीहरूको प्रतिक्रिया छ । यस नगर अस्पतालमा निःशुल्क आँखा उपचार सेवा, प्रसूतिलगायत जनरल फिजिसियन सेवा, ओपिडी र इमर्जेन्सी सेवासमेत प्रवाह गरिरहेको डा. दासले बताउनुभयो । अस्पतालको सेवा सकेसम्म चुस्तदुरुस्त राखिएको उहाँको दाबी छ । *(रासस)*

*पत्रकारहरू...*

गैरसरकारी निकायलाई खबरदारी गर्न सकिन्छ । देश र राजनीति अस्थिर रहेको बेलामा पत्रकारिताको जिम्मेवारी झन् बढेको हुन्छ । सरकारले गरेको कामको गुणगान गर्नुमात्रै पत्रकारिताको धर्म होइन । सरकारले गरेको काममा भएको कमी कमजोरी औँल्याउनुपर्छ; गलत निर्णय र कामको विरोध या खबरदारी गर्नुपर्छ । सरकारले जे गरे पनि जस्तो गरे पनि, सही गलत जे गरे पनि मौन समर्थन गर्नु सच्चा पत्रकार या पत्रकारिताको धर्म होइन ।

नेपालको राजनीतिमा ठुलठुला ठेकेदारहरूको तामझाम बढी देखिएको छ । तिनीहरूले काममा ढिला गरे पनि या समयमा काम पूरा नगरे पनि सरकारको ध्यान पुग्दैन, समयमा काम गर्न राज्यले दबाब दिँदैन । किनभने, तिनै दलका नेताहरूले ठेकेदारबाट बेलाबखत पैसा असुलिरहेका हुन्छन् या चन्दा लिइरहेका हुन्छन् । त्यसको अर्थ सबै ठेकेदारहरू उही ड्याङका हुँदैनन् । थोरै नाफा लिएर इमानपूर्वक काम गरेका ठेकेदारहरू पनि हुन्छन् । कति कर्मचारीहरू तिनीहरूको म्याद थप्ने खेलमा सक्रिय हुन्छन् । गलत कामको विरोध गर्दा, गर्न खोज्दा कति इमानदार उच्चपदस्थ व्यक्तिहरू कारबाहीमा पनि परेका छन् । इमानपूर्वक आफ्नो जिम्मेवारी निर्वाह गर्नेहरू प्रोत्साहनस्वरूप पुरस्कार दिने या सम्मान गर्ने त कता हो कता उल्टो कारबाहीमा पर्छन् । सरकारको यस्तै कार्यशैलीका कारण यहाँ भ्रष्टाचार र अनियमितता बढ्छ । दण्डहीनताले समाजमा निकै ठूलो जरा गाडेको छ । विकासको नाममा हुने लुटतन्त्रको विरोध गर्नैपर्छ; विरोध गर्न पछि पर्नु हुँदैन ।

सूचनाको हकको कानुन कागजमा मात्र सीमित हुनुहुँदैन । पारदर्शी शासनको अभावले पत्रकारिताको विकासमा अप्ठेरो पारेको छ । सरकारले पनि सूचनामा पहुँच सहज बनाउनुपर्छ । नागरिकको सूचनाको हकलाई सम्मान गर्नुपर्छ । भ्रष्टाचारविरुद्धको अभियानमा पत्रकारितालाई उपयोग गर्नुपर्छ । तर, विडम्बना ! भ्रष्टाचार र अनियमितताको आवाज उठाउने पत्रकारिता र पत्रकारलाई इज्जतमा धक्का पुऱ्याइयो भनेर उल्टो पत्रकारलाई मुद्दा हाल्छ, पक्राउ गर्छ; शारीरिक र मानसिक यातना दिन्छ ।

अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको आधारस्तम्भ मानिन्छ । लोकतन्त्रको मापन गर्ने प्रमुख औजार अभिव्यक्ति स्वतन्त्रता हो भनिन्छ । तर, अभिव्यक्ति स्वतन्त्रतामा आँच पुऱ्याउने, बाधा पुऱ्याउने काममा सरकारका संयन्त्रहरू लागेका हुन्छन् । अभिव्यक्ति स्वतन्त्रतालाई किन शङ्काको घेरामा हालेर कारबाही गर्ने काममा लाग्छ ? लोकतन्त्रमा दल र दलका नेता तथा मन्त्रीलाई मात्र होइन प्रत्येक व्यक्तिलाई बोल्ने, लेख्ने, असहमति जनाउने र आलोचना गर्ने अधिकार हुन्छ । लोकतन्त्रमा कानुनी शासन, मानव अधिकार, अभिव्यक्ति स्वतन्त्रता, सुशासन आदिको व्यवस्था हुन्छ । अतः पत्रकारहरू कुनै दलको विचारबाट प्रभावित भयो, प्रभावित भएर सञ्चार सेवामा लाग्यो भनेर चित्त दुखाउने, पत्रकारहरू राजनीतिमा लाग्यो भनेर, गलत व्यवसायमा लाग्यो भनेर असन्तोष हुनुपर्ने होइन । राजनीति गर्नु गलत होइन । राजनीति देश र जनताको सेवा गर्ने माध्यम हो, चाहे त्यो दल खोलेर होस् या पत्रकारितामा लागेर ।

# ब्रह्मायणी मन्दिर पुन:निर्माणबारे विज्ञ र अग्रजहरूसित छलफल

भक्तपुर, ३१ साउन । भक्तपुरको ऐतिहासिक ब्रह्मायणी मन्दिर पुन: निर्माणबारे आइतबार पुरातत्त्व, इतिहास र संस्कृतिका विज्ञहरू तथा स्थानीय अग्रज व्यक्तित्वहरूबिच छलफल कार्यक्रम सम्पन्न भयो ।

भक्तपुर नगरपालिका ९ नं. वडा कार्यालयको आयोजनामा भएको उक्त कार्यक्रममा ब्रह्मायणी मन्दिर जीर्ण भएकोले तत्काल पुन:निर्माण गर्न र त्यसपूर्व विज्ञहरूको टोलीमार्फत अध्ययन अनुसन्धान थाल्न भक्तपुर नगरपालिकालाई अनुरोध गर्ने तथा मन्दिरको मौलिक संरचनाबारे पुराना तथ्य, प्रमाण, फोटो, चित्र आदि कुनै भएमा प्रदान गर्न सार्वजनिक आह्वान गर्ने निर्णय भएको स्रोतले बताएको छ ।

कार्यक्रममा इतिहासविद् प्रा.डा. पुरुषोत्तम लोचन श्रेष्ठले छ्याने शैलीको मन्दिर नेपालको मौलिक शैली भएको चर्चा गर्दै सभ्यताको विकास क्रमसँगै भक्तपुरमा विभिन्न शैलीका मन्दिरहरू निर्माण हुन थालेको र प्रत्येक शैलीको आफ्नै इतिहास र संस्कृति भएको बताउनुभयो ।

उहाँले ब्रह्मायणी मन्दिरको हालको संरचनाको पनि अभिलेखीकरण गर्दै




यसको मौलिक स्वरूप र संरचनाबारे गहन अध्ययन अनुसन्धानको आवश्यकता रहेको चर्चा गर्नुभयो । पुरातात्त्विक महत्त्वको अध्ययनपश्चात्को निचोड नै सर्वस्वीकार्य हुने उल्लेख गर्दै नगरवासीहरूको भावना र अध्ययनको निष्कर्षको आधारमा मौलिक शैलीमा ब्रह्मायणी मन्दिर पुन: निर्माण गर्न उहाँले अनुरोध गर्नुभयो ।

प्रा.डा. सिद्धिवीर कर्माचार्यले ब्रह्मायणी मन्दिरमा एक समयमा तन्त्र यज्ञ हुने इतिहास रहेको चर्चा गर्दै अभौतिक सम्पदाको संरक्षणमा जोड दिनुपर्ने बताउनुभयो ।

सम्पदाविद् रामगोविन्द श्रेष्ठले हाम्रा पुर्खाले संरचनाको स्थिरताको लागि वर्गाकार वा आयाताकारमा मन्दिर निर्माण गरेको चर्चा गर्दै पुर्खाको वैज्ञानिक चेतको सम्मान गर्दै मौलिक शैलीमै मन्दिरको पुन: निर्माण गर्नुपर्नेमा जोड दिनुभयो ।

अर्का सम्पदाविद् कृष्णगोपाल प्रजापतिले विभिन्न ठाउँका मन्दिरहरूका उदाहरणहरू प्रस्तुत गर्दै पुरातात्त्विक अध्ययनपश्चात् मन्दिरको संरचनाबारे टुङ्गो लगाउन सुझाव दिनुभयो ।

स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालयका रज्जु हाडाले पुरातात्त्विक सम्पदा पुन: निर्माणसम्बन्धी विद्यमान ऐन कानुनमा उल्लेखित व्यवस्थाबारे जानकारी दिँदै ठोस प्रमाणको आधारमा सम्पदा पुन: निर्माण गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिका सम्पदा शाखाका सरिता धुख्वाले ब्रह्मायणी मन्दिरबारे हालसम्मको अध्ययनबारे प्रस्तुति दिनुभयो ।

वडाध्यक्ष रवीन्द्र ज्याख्वको अध्यक्षतामा भएको उक्त छलफल कार्यक्रममा पूर्व वडाध्यक्षहरू विष्णुबहादुर मानन्धर, विष्णुगोपाल कुसी, कृष्णभक्त लवजु र लक्ष्मीप्रसाद कुसीले ब्रह्मायणी मन्दिरका पुराना अवशेषहरू अहिले पनि विभिन्न मन्दिर र द्योछेँहरूमा प्रयोग भइरहेको अग्रजहरूको भनाइ रहेको बताउँदै छ्यानेशैलीमा मन्दिर पुन: निर्माण गर्दा उपयुक्त हुने विचार व्यक्त गर्नुभयो ।

त्यस्तै सामाजिक अग्रजहरू विनोद प्रजापति, कृष्णभक्त प्रजापति, राम प्रजापति विष्णुप्रसाद प्रजापति, रामभक्त ङाकुसीलगायतले ब्रह्मायणी मन्दिर निर्माण र पुन: निर्माणबारे विभिन्न कालखण्डमा भएका योगदानहरूबारे अभिलेखीकरण गर्नुपर्ने, ब्रह्मायणी कुण्ड र घाटको संरक्षण गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

# देशको अवस्थाबारे उब्जिएको प्रश्न

● खाना पकाउने ग्यास किन्न नपाएर नेपाली जनता देशभरि खाली सिलिन्डर बोकी भौँतारिँदै छन् । खाना पकाउने ग्यासको व्यापारघाटा रोक्ने विकल्प नेपालको जलविद्युत् हो । तर, रास्वपाको सरकारले हालकै कानुन संशोधन गरेर नेपालको जलविद्युत् भारत बेच्ने तयारी गरेको देशघाती नै हो । रास्वपा सरकार सर्वसाधारण नेपाली जनता विदेशबाट किन्नुपर्ने खाना पकाउने ग्यासको लागि भौतारिरहेको नदेख्ने र नेपालीलाई नै पुग्दो आपूर्ति नभएको विद्युत् भारतलाई निर्यात गर्न लाइन बसेका उत्पादकलाई देख्नु देशघात नभए के हो ? के यस्तो देशघाती काम गराउने रास्वपालाई सरकारमा पुऱ्याउनेहरू दोषमुक्त होलान् र ?

● नेपालको संविधानमा समाजवादउन्मुख अर्थतन्त्र निर्माण गर्ने उल्लेख छ । सरकारहरू समाजवादउन्मुख अर्थतन्त्र मन पराउँदैनन् । संविधान निर्माणको १० वर्षयता नेका, एमाले, तत्कालीन माओवादीको नेतृत्वमा सरकार पटक-पटक गठन भयो । अहिले रास्वपाको सरकार छ । तर, यी कुनै पनि सरकारको नीति र बजेट समाजवादी अर्थतन्त्रअनुरूप भएन । संविधानको बन्दोबस्तविपरीत यी सरकारहरूले भएका सरकारी उद्योगहरू निजीकरणको निहुँमा केही व्यक्तिलाई बिक्री गरे । के नेका, एमाले, तत्कालीन माओवादी र हालको रास्वपाको सरकार संविधान उल्लङ्घन र देश एवम् जनताको हितविपरीत काम गराउन गठन गराइएको हो ? केही तथाकथित अर्थशास्त्रीहरू चार महिनामै रास्वपाको सरकारलाई विरोध गर्न नहुने उपदेश दिन्छन् । संविधानअनुसार काम नगर्ने सरकारहरू एक वर्ष, १०० दिन मात्र होइन एक दिन पनि रहनु हुँदैन ।

● आव २०८२।८३ मा २० ओटा वाणिज्य बैङ्कहरूको खुद नाफा ६९ अर्ब ८६ करोड पुगेको छ । यसमध्ये निजी वाणिज्य बैङ्क विनोद चौधरीको नविल, पशुपति मुरारकाको कुमारी, नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष चन्द्रप्रसाद ढकालको ग्लोवल आईएमईको वार्षिक खुद नाफा सार्वजनिक भयो । नेपालका किसानहरूको अलिकति भए पनि हिस्सा भएको कृषि विकास बैङ्कको खुद नाफा भने गत वर्षको भन्दा १ अर्ब १० करोड रुपैयाँ घट्यो । नेका, एमाले, माओवादी, राप्रपाको सरकारले किसानको हितमा काम गरेनन् भने अहिले रास्वपाको सरकार पनि किसानविरोधी हुँदा कृषि विकास बैङ्कको खुद नाफा घटेको किन होइन ? के रास्वपा सरकार जनताको बैङ्क डुबाउँदै केही पुँजीपतिवर्गलाई पोस्न गठन गरिएको हो ?

● राजदूत नियुक्तिमा ढिलाइले कूटनीतिक क्षेत्रमा अन्योल बढेको सार्वजनिक भयो । यसअघि राजदूत हुँदा नेपालको कूटनीति कहाँ सफल भयो ? भारतले अतिक्रमण गरेको नेपाली भूमि अहिलेसम्म कुन सरकारले फिर्ता लिन सक्यो ? फिर्ता बोलाइएका कारण ११ देशमा १० महिनादेखि र ६ देशमा ४ महिनादेखि राजदूत खाली, अन्य ७ देशमा रहेका राजदूतको पदावधि पनि ५ साउनमा सकियो । २१ देशका लागि राजदूत नियुक्ति गर्नुपर्ने अवस्था छ । सरकारहरूले नेपालबाट विदेशमा राजदूत बनेकाहरूलाई आर्थिक कूटनीतिमा काम गराउन सकेनन् । सरकारी पार्टीलाई 'चन्दा' दिनेलाई राजदूत नियुक्ति गरिएको हुँदा कतिपय देशका राजदूतहरूको काम वैदेशिक रोजगारीमा नेपाली युवा पठाउने म्यानपावर कम्पनीको सहयोगीजस्तै भएको जनगुनासो छ । रास्वपा सरकारले ब्राजिल, डेनमार्क र दक्षिण अफ्रिकाको दूतावास खारेज गर्ने घोषणा १५ जेठको बजेट भाषणमा गरेको अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको उपस्थिति कमजोर हुँदै आएको हो । यसतर्फ नेपाली जनता सचेत हुनु जरूरी छ ।

# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – ८८

**सुदुरपश्चिम प्रदेश**
**कञ्चनपुर**
**यातायात कार्यालय :**

हामी कार्यालयमा काम गरिरहेकै अवस्थामा बाहिरबाट आगजनी गरियो । कर्मचारी र सेवाग्राहीका समेत मोटरसाइकलहरू जलेका छन् । राज्य विहीनता छ । अहिले पनि जेनजीको नाममा थर्काउने धम्की दिने कार्य गरिरहेका छन् । संरक्षण छैन, सुरक्षा छैन ।

**आन्तरिक राजस्व कार्यालय**

करिब ३:४५ बजेतिर बालबच्चाहरू क्वाटरमा रहेकै अवस्थामा आगजनी गरियो ।

**खद्र जोशी मानव अधिकारकर्मी :**

राज्यबाट गठित कुनै पनि आयोगले सत्य निरूपण गर्ने जाँगर देखाएका छैनन् । यो आयोगले स्पष्ट दिशानिर्देश गर्न सक्नुपर्दछ । टालटुले किसिमले सबै कुरा बुझिँदैन । अध्ययनको विधि भएन । सरोकारवालाहरू बोल्न सक्ने अवस्था छैन । मानव अधिकार एलाइन्सले पनि राष्ट्रिय मानव अधिकार आयोगसँग मिलेर कार्य गर्दै छ ।

राष्ट्रिय सभा सदस्य नारायणदत्त भट्ट

देशले अकल्पनीय क्षति भोग्नुपऱ्यो । मेरो घरसमेत टार्गेट भयो । हामी भदौ २३ गते पनि राष्ट्रिय सभाको समिति बैठकमा सुशासनसम्बन्धी छलफलमै थियौँ । हामी संसद् भवनमै रहेको अवस्थामा बाहिरबाट आगजनी गरियो । २०७२ सालको भूकम्पपछि ऋण अनुदान गरेर पुन: बनाइएको सिँहदरबार जलाइएको छ । यो त नेपाली भन्नसमेत नसुहाउने कार्य भयो । आपराधिक कार्यको सही अनुसन्धान होस् ।

**स्थलगत अनुगमनको क्रममा सहभागीहरूले राखेका धारणाको निचोड**

भदौ २३ र २४ गतेको प्रदर्शनको क्रममा धेरै क्षति भएका १३ वटा जिल्लामा आयोगका अध्यक्ष र सदस्यहरूको नेतृत्वमा भएको अवलोकन, अन्तरक्रिया र छलफल कार्यक्रममा विभिन्न व्यक्तिहरूले राखेका धारणा र विषयवस्तुको निष्कर्ष निम्नबमोजिम रहेका छन् :-

केही जिल्लाका जनप्रतिनिधि एवम् स्थानीयवासीहरू र प्रशासनिक अधिकारीहरूले सुरक्षा निकायहरूबिच अपेक्षित रूपमा समन्वय हुन नसकी सुरक्षाको गम्भीर समस्या सिर्जना भएको गुनासो प्रकट गर्नुभयो । विशेष गरी नेपाली सेना र केही स्थानहरूमा सशस्त्र प्रहरी बलबाट अपेक्षित सहयोग नभएको गुनासो थियो ।

राजनीतिक दल समर्थक व्यक्ति र जनप्रतिनिधिहरूले केही निश्चित पार्टीका कार्यकर्ताहरूलाई आरोप लगाएका थिए ।

भ्रमण गरिएका सबै जिल्लामा उपस्थित भएका राजनीतिक दल सम्बद्ध व्यक्तिहरू, जनप्रतिनिधि, स्थानीयवासी, जियनजेड युवाका प्रतिनिधिलगायत सरोकारवाला सबै जनाले भदौ २४ गतेको प्रदर्शनको क्रममा चिनेजानेका व्यक्तिहरूले व्यक्तिगत एवम् साङ्गठनिक रिसइबीका कारण पेट्रोल, रसायनिक पदार्थ आदिको प्रयोग गरी घर सम्पत्ति जलाउने, लुटपाट गर्ने, धम्की दिनेजस्ता आपराधिक क्रियाकलापहरू गरेको, सुरक्षा निकायहरूले त्यस्ता व्यक्तिलाई हालसम्म पनि कारबाहीको दायरामा नल्याएकाले भविष्यमा आपराधिक क्रियाकलापहरूमा बढोत्तरी हुने आशङ्का व्यक्त गर्दै तत्काल कानुनी कारबाहीको दायरमा ल्याउन सम्बद्ध निकाय समक्ष पहल गरिदिनसमेत माग गरेका थिए ।

जिल्लास्थित राष्ट्रिय अनुसन्धान कार्यालयहरूले समयमै सूचना प्रवाह गर्न नसकेकाले धेरै क्षति व्यहोर्नु परेको गुनासो राखेका थिए ।

केही अभियन्ताले सामाजिक सञ्जालमार्फत गलत र भ्रामक सूचना प्रसार गरेको कारण विशेष गरी भदौ २४ गते सार्वजनिक निकाय र व्यक्तिगत सम्पत्तिमा व्यापक क्षति हुन पुगेको धारणा सहभागीहरूले व्यक्त गरेका थिए ।

भौतिक क्षतिको मूल्याङ्कन गरी राज्यद्वारा क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने माग सहभागीहरूले राखेका थिए ।

आयोगका पदाधिकारीहरूसमक्ष आयोगले भदौ २३ र २४ गतेको घटनाको सन्दर्भमा निष्पक्ष तवरबाट छानबिन गरी जोसुकै भए पनि दोषीउपर कारबाही गर्न माग गरेका थिए । केही सहभागीहरूले आयोगको गठन र यसको कार्यसम्पादनको विषयलाई लिएर शङ्का व्यक्त गरेका थिए ।

# वर्षाले विभिन्न राजमार्ग अवरुद्ध

काठमाडौँ, ३१ साउन । अविरल वर्षाका कारण देशका विभिन्न स्थानका सडक अवरुद्ध भएका छन् ।

प्रहरी प्रधानकार्यालयले आज बिहान ५:०० बजेसम्मको विवरण सार्वजनिक गर्दै काभ्रेपलाञ्चोक, इलाम, सिन्धुपाल्चोक, रसुवा, रुकुम पश्चिम, सङ्खुवासभा, लमजुङ, मुस्ताङ, रोल्पा र चितवनका विभिन्न सडकखण्डमा यातायात प्रभावित भएको जनाएको छ ।

काभ्रेपलाञ्चोक-सिन्धुली जोड्ने बिपी राजमार्गको खुर्कोट-नेपालथोक-कटुन्जेबेँसी सडकखण्डमा सम्भावित बाढीको जोखिमलाई दृष्टिगत गर्दै हरेक दिन साँझ ६:०० बजेदेखि बिहान ४:०० बजेसम्म सबै सवारीसाधनको आवागमन रोक लगाइएको छ । उक्त सडकखण्डमा बिहान ४:०० बजेदेखि बेलुका ६:०० बजेसम्म भने सवारीसाधन सञ्चालन हुनेछन् ।

मकवानपुरको कान्ति लोकपथमा पनि वर्षाका कारण अपरह्न ५:०० बजेदेखि बिहान ५:०० बजेसम्म सबै किसिमका सवारीसाधनको आवागमन रोक लगाइएको छ । इलाम नगरपालिका-९ राजदुवालीमा हिलोले मेची राजमार्ग पूर्ण रूपमा अवरुद्ध भएको छ । उक्त स्थानमा वैकल्पिक सडक रहेको प्रहरीले जनाएको छ ।

सिन्धुपाल्चोकको अरनिको राजमार्गअन्तर्गत भोटेकोसी गाउँपालिका-४ चारकिलो पहिरो लिपिङमा सडक भासिँदा यो सडकखण्ड पनि पूर्ण रूपमा अवरुद्ध भएको छ ।

रसुवाको उत्तरगया गाउँपालिका-५ खाल्टेमा सडक कटान हुँदा त्रिशूली-मैलुङ-स्याफ्रुबेँसी कच्ची सडकखण्ड पनि पूर्ण रूपमा अवरुद्ध भएको छ ।

यसैगरी, रुकुम पश्चिमको आठबिसकोट नगरपालिका-६ रिजेगार्ड खोला नजिक भेरी करिडोरको जाजरकोट-डोल्पा सडक पहिरोले पूर्ण रूपमा अवरुद्ध भएको छ । सङ्खुवासभाको भोटखोला गाउँपालिका-३ सिरेक डाँडामा सडक भासिँदा कोसी राजमार्गको खाँदबारी-किमाथाङ्का सडकखण्डमा यातायात पूर्ण रूपमा अवरुद्ध भएको छ ।

लमजुङको मर्स्याङ्दी गाउँपालिका-४ रामबजारमा पहिरो खसेपछि बेँसीसहर-मनाङ सडक पनि पूर्ण रूपमा अवरुद्ध भएको छ । मुस्ताङको थासाङ गाउँपालिका-४ कैकुखोलामा पहिरोले बेनी-जोमसोम सडक पनि अवरुद्ध भएको प्रहरीले जनाएको छ । रोल्पाको सुनिलस्मृति गाउँपालिका-४ कागडाँडामा पहिरोले भालुवाङ-लिवाङ सडक तथा चितवनको इच्छाकामना गाउँपालिका-५ सिमलधारामा रूखसहितको सुक्खा पहिरो खसेपछि पृथ्वीराजमार्ग पनि पूर्ण रूपमा अवरुद्ध भएको छ ।

निरन्तरको वर्षाका कारण पहिरो खस्ने, बाढीले सडक कटान गर्ने तथा भासिने क्रम जारी रहेकाले आफू यात्रा गर्ने सडकको अवस्था बुझेर मात्र यात्रा गर्न तथा आवश्यक सतर्कता अपनाउन प्रहरी प्रधान कार्यालयले सम्बद्ध सबैलाई आग्रह गरेको छ । ***(रासस)***

**सूचनाको हक: नागरिकको मौलिक अधिकार**

❖ सार्वजनिक सरोकारका सूचना प्राप्त गर्नु नागरिकको अधिकार हो,
❖ सार्वजनिक सरोकारका सूचना उपलब्ध गराउनु राज्यको दायित्व हो,
❖ सही, तथ्यपरक र आधिकारिक सूचना आदान-प्रदान गरौं,
❖ सार्वजनिक निकायमा कानुनबमोजिम सूचना अधिकारी तोक्ने गरौं,
❖ डिजिटल प्रविधिको प्रयोग गरी सूचनामा नागरिकको पहुँच विस्तार गरौं,
❖ प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुन्छ, तर कानुन बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पार्न मिल्दैन।

नेपाल सरकार
विज्ञापन बोर्ड

**हार्दिक समवेदना**

जन्म
२०४४/०७/१७



स्वर्गारोहण
२०८३/०४/२६

सबिना सुवाल

यस उपभोक्ता समितिका अध्यक्ष कृष्णगोविन्द सुवालकी छोरी **सबिना सुवाल**को दु:खद निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**उपभोक्ता समिति**
सानो ब्यासी, मिवाछें, भक्तपुर-२

***नयाँ...***

कार्यशालामा भक्तपुरको कला, संस्कृति, जीवनशैली र यहाँको भौतिक अभौतिक सम्पदा र स्थानीय उत्पादनको विषयमा डिजिटल प्रवर्द्धन गर्ने कन्टेन्ट क्रियटरहरू सहभागी भएका थिए ।

सहभागीहरूबाट प्राप्त जिज्ञासा र प्रश्नहरूको स्रोतव्यक्तिहरू प्रा.डा. श्रेष्ठ, भक्तपुर पर्यटन विकास समितिका शर्मा र भेलेले विभिन्न विषय प्रसङ्गसहित प्रस्ट पार्नुभयो ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा